## पूर्ण इजलास

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६६-WO-००४२, अधिकारपृच्छा, *नवराज न्यौपाने समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संवैधानिक व्यवस्था र यस अदालतको आदेशबमोजिम गर्नुपर्ने कार्य अनिश्चित समयसम्म कुनै कारणले पनि बाँकी राख्न नमिल्ने हुनाले अब सम्बद्ध निकायहरू मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्माननीय राष्ट्रपतिज्यूबाट क्रमशः कार्यक्रम तर्जुमा गर्न र शपथ दिलाउन तयार भएको भावना व्यक्त भएको स्थिति र उपराष्ट्रपतिज्यूले पनि कार्यक्रम तय भएमा केही गर्न मिल्ने भनी भन्नु भएको अवस्थालाई विचार गरी अव सात दिनभित्र संविधान र अदालतको आदेशबमोजिम लिनुपर्ने शपथको कार्यक्रम सम्पन्न गर्न अवसर दिने, अन्यथा सोपश्चात् नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६क(२) र यस अदालतको २०६६।४।९ को आदेशबमोजिम कानूनसम्मत शपथ नलिएको अवस्थामा उपराष्ट्रपतिको कार्यभार क्रियाशील रहेको नमानिने ।

इति संवत् २०६६ साल भदौ ७ रोज १ शुभम् ।

## विशेष इजलास

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. २०६५-WS-००११, उत्प्रेषणयुक्त परमादेश, *रमेशलाल राना थारु वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यतालाई संविधानले आत्मसात् गरेको अवस्थामा आफ्नो कर्तव्य र दायित्वप्रति उदासीन हुन पुगेको वा सुषुप्त भएको राज्य संयन्त्र र यसका अवयवहरूलाई तिनको कर्तव्य र दायित्व पालना गर्न आदेश दिने अधिकार प्रजातान्त्रिक कानूनी शासन पद्धतिमा न्यायपालिकामा अन्तर्निहित हुने ।

कानून पनि समाजको विकासक्रम सँगसँगै विकसित र परिमार्जित हुँदै जाने सामाजिक उपज हुँदा कानून जहिले पनि समाजसापेक्ष हुन्छ र हुनुपर्छ । मूल कानूनको रुपमा रहेको संविधानले सामाजिक न्यायको हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको र समानुपातिक समावेशीको सिद्धान्तलाई सामाजिक न्याय र समानताको मुख्य आधार बनाएको अहिलेको अवस्थामा अन्य सामान्य वा विशेष कानूनले संविधानको अनुशरण र अवलम्वन गर्नुपर्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल भदौ ११ रोज ५ शुभम् ।

## इजलास नं. १

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको दे.पु.नं. ०१८०, मोही नामसारी गरी प्रमाणपत्र पाऊँ, *योगेश्वर पन्त वि. झखन माझी*

विवादित जग्गा साविक जग्गाधनी शेरबहादुर बस्नेतका नाउँ दर्तामा रहेको कि.नं. १९ को जग्गाबाटै कित्ताफोड भै आएको कि.नं. २०४ को ज.वि. १-०-० जग्गाको सम्बन्धमा मोही प्रत्यर्थी वादीले भरेको १ नं. लगत २ अनुसूची र ४ नं. जोताहा अस्थायी निस्सा समेतका आधारमा उल्लिखित जग्गाको मोही प्रत्यर्थी वादीका पिता छेपघर माझी रहेको देखिएकोमा शुरु भूमिसुधार कार्यालयले मोही नामसारी हुन नसक्ने ठहऱ्याएको निर्णयलाई उल्टी गरी भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही नामसारी हुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साउन १६ गते रोज १ शुभम् ।

**२.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ०६०६, कुत दिलाई मोही निष्काशन, *लालबाबु महतो वि. रामकली देवी*

भूमि सम्बन्धी ऐन, २०२१ मा मिति २०५३।९।२४ मा भएको संशोधनअनुसार उक्त संशोधन लागू भएको मितिपछिका वर्ष २०५६ सालको मात्र कुतवाली नबुझाउने प्रत्यर्थी प्रतिवादीको मोहियानी हक निष्काशन हुन नसक्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साउन १६ गते रोज १ शुभम् ।

**३.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५७ सालको दे.पु.नं. ८८२९, शर्त करारबमोजिमको दायित्व पूरा गराइ पाऊँ, *शिव चौधरी वि. मुरारी चौधरी*

शर्त करारको शर्त नं. ५ मा हामीहरू बीच जिल्ला प्रशासन कार्यालय चितवनमा चलेको सार्वजनिक अपराधसम्बन्धी मुद्दाहरूमा पनि हामी सम्बन्धित पक्ष एक साथ सो कार्यालयमा उपस्थित भै मुद्दाबाट छुटकारा दिलाउने गरी सम्बन्धित निकायमा अनुरोध गरी मुद्दा टुङग्याउने भन्ने शर्त रहेकोमा उल्लिखित शर्तबमोजिमको कार्य नगरी सार्वजनिक अपराध मुद्दामा पुनरावेदक प्रतिवादी शिव चौधरीलाई रु.२०००।- जरीवाना हुने ठहर भएको देखिदा उल्लिखित शर्त करारको दायित्व वादीले पूरा गर्न सकेको अवस्था नदेखिएकोले उक्त दायित्व पूरा नगर्ने विपक्षी वादीलाई शर्त नं. १ बमोजिमको दायित्व पूरा गराई माग्न पाउने हक प्राप्त हुन सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ असार १६ गते रोज ३ शुभम् ।

**४.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको रिट नं.WO-३०३७, उत्प्रेषणयुक्त परमादेश, *माधवराज सिवाकोटी समेत वि. ६ नं. नापी गोश्वारा दोलखा समेत*

मोही कायम सम्बन्धमा प्रमाणको अभाव हुँदाहुँदै ६ नं. नापी गोश्वाराले मोही कायम गर्ने गरी गरेको निर्णय अधिकारक्षेत्रात्मक त्रुटि समेत गरी गरेको देखिएको र उक्त निर्णयका आधारमा प्रत्यर्थी नापी शाखाले फिल्डबुक कैफियत महलमा व्यहोरा लेखी मोही महलमा मोही जनाउने र प्रत्यर्थी मध्येका मालपोत कार्यालयले दर्ता स्रेस्तामा मोही दर्ता गरी स्रेस्तामा समावेश गर्ने गरी गरेको निर्णय कानून विपरीत देखिने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ भदौ १० गते रोज ४ शुभम् ।

**५.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं.WO-०६२०, उत्प्रेषणमिश्रित परमादेश, *राजेन्द्र गान्धारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई प्रहरी सेवाबाट हटाउने गरी भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीको निर्णयलाई यी निवेदकले चुनौती दिई वैकल्पिक पुनरावेदनको उपचारको मार्ग समेत अवलम्बन नगरी सीधै असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रमा प्रवेश गरेको अवस्था देखिएको र वैकल्पिक उपचारको मार्ग प्रशस्त हुँदाहुँदै असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रमा प्रवेश गरी हेर्न नमिल्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ भदौ २८ गते रोज १ शुभम् ।

**६.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ०२५४, कर्तव्य ज्यान, *चन्द्रबहादुर थिङ्ग वि. नेपाल सरकार*

मृतक धने लामाको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Multiple Sharforce Injury भन्ने उल्लेख भए तापनि प्रतिवादी चन्द्रबहादुर थिङ्गले नै मृतकमाथि खुकुरीको प्रहार

गरी सोही चोटको कारणले धने लामाको मृत्यु भएको भन्ने कुनै ठोस सबुद प्रमाण देखिन नआएबाट शंका र सुनाइकै आधारमा प्रतिवादीलाई कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको अपराधमा सर्वश्वसहित जन्मकैदको सजाय गर्न न्यायोचित नहुने ।

इजलास अधिकृत : कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल असार ३१ रोज ४ शुभम् ।

**७.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको फौ.पु.नं. ०२२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि.कुमार विश्वकर्मा,* २०६५ सालको फौ.पु.नं.०४६८,कुमार *वि.क. वि. नेपाल सरकार*

प्रतिवादी र मृतकबीच रक्सी खाई भएको झगडा, लछार-पछार भनाभनबाट तत्कालै उठेको रिस थाम्न नसकी पटक-पटक मृतकको टाउको एवं अनुहारसमेतमा ढुंगा प्रहार गरी सोही चोटबाट मृतकको मृत्यु भएको तथ्यलाई मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको अवस्थामा ज्यान सम्बन्धी १४ नं. को कानूनी व्यवस्थाबमोजिमको अवस्था रहेको देखिने ।

इजालस अधिकृत : कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल असार ३१ रोज ४ शुभम् ।

## इजलास नं. २

**१.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री तपबहादुर मगर,** २०६१ सालको दे.पु.नं. ८९६८, छुट जग्गा दर्ता गरिपाऊँ, *राजनारायण चौधरी वि. मालपोत कार्यालय महोत्तरी,*

मालपोत ऐन, २०३४ को दफा २४(१) अनुसार "सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको र मिसिल संलग्न साविक स्रेस्ताबाट १९८३ सालको नापीमा मिन्हा महलमा लेखी मिन्हा जनिएको देखिएको र मिति २०२५।३।४ को सर्भे नापीमा समेत विवादित कि.नं.४८ पोखरी जनिएको सार्वजनिक जग्गामा आफ्नो हक स्वामित्व रहेको पुष्टि गर्ने ठोस तथ्ययुक्त प्रमाण पेश गर्न नसकेको अवस्थामा छुट जग्गा दर्ताको निवेदन तामेलीमा राख्ने गरी भएको मालपोत कार्यालयको निर्णय कानूनसम्मत देखिने ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

**२.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री तपबहादुर मगर,** २०६१ सालको दे.पु.नं. ८३०७, हक कायम, *गोपाल सिँह नेपाल वि. गणेशबहादुर भुजेल*

प्रतिवादीको तर्फबाट आमा बीवकुमारीका साथै पुनरावेदक गोपाल सिँह नेपालीले समेत विवादित कि.नं.२३० को ०-६-१७.१/२ जग्गा वादी गणेशबहादुर भुजेलको हक भोगको जग्गा हो भनी मञ्जूरी जनाई स्वीकार गरिबसेको अवस्थामा दावीको कि.नं. २३० को जग्गाको दर्तावाला व्यक्ति यिनै प्रत्यर्थी वादी गणेशबहादुर भुजेल नै रहे भएको देखिने ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

**३.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री तपबहादुर मगर,** २०६१ सालको दे.पु.नं. ३०९३, डाँका, *नेपाल सरकार वि. रामदिन चिडियार समेत*

फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैँमा प्रमाण होइन, केवल अनुसन्धानको आधार मात्र हुन सक्छ । आफ्नो घरमा घटेको घट्नालाई लिएर स्वयं जाहेरवालाले फरक-फरक रुपमा दिएको जाहेरीलाई अन्य स्वतन्त्र आधार प्रमाणबाट आरोपित कसूर पुष्टि हुनुपर्छ ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. ०२९३, ०३४६, मोही लगत कट्टा, *लाली कार्की समेत वि. विष्णुकुमार कार्की, शालिकराम कार्की वि. विष्णुकुमार कार्की*

गणेशबहादुर कार्की र वासुदेव कार्की बीच मिति २००९।५।२७ मा अंशवण्डा गरी अलग भैसकेपछि भूमिसम्बन्धी ऐन, २०२१ लागू हुँदाको बखत विवादित जग्गा बासुदेव कार्कीले मोहीको हैसियतले कमाई भूमिसम्बन्धी नियमहरू, २०२१ को अनुसूची १ बमोजिम मोहीको लगत तथा २ नं अनुसूची प्रकाशित गरी अनुसूची ३ बमोजिम मोहियानी हकको प्रमाणपत्र समेत प्राप्त गरेको अवस्थामा वादी प्रतिवादी एकै परिवारका सदस्य हुन भन्न नमिल्ने ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल भदौ ५ गते रोज ६ शुभम् ।

५.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६१ सालको फौ.पु.नं. ३३३०, कुटपीट अंगभंग लुटपीट, *त्रिचन्द्र लिम्बु वि. चन्दा सुब्बा*

प्रतिवादीको कुटाइबाट वादी चन्दा सुब्बाको वायाँ हातको Uina भाँचिएकोमा हाल सो भाँचिएको हड्डी जोडिई काम लाग्ने अवस्थामा भई खत निको भएको भन्ने बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको मिति २०५६।५।२० को पत्रसाथ प्राप्त प्रतिवेदनसमेतबाट देखिएको हुँदा प्रस्तुत कसूरमा यी पुनरावेदकलाई कुटपीटको महलको ७ नं. को कानूनी व्यवस्थाबमोजिम नै सजाय हुने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

६.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६१ सालको दे.पु.नं. ८७५५, करारबमोजिमको रकम दिलाई पाऊँ, *गोपालबहादुर श्रेष्ठ वि. कारागार शाखा मोरङ्ग समेत*

पक्षहरु बीचको कारोवारमा चिज बस्तु वा मालसामान वा कुनै उत्पादन आदान प्रदान वा माग र आपूर्ति गर्दाको क्रियाबाटै सन्निहित रुपमा करार (Implied Contract) भएको र सोही अनुरूप कारोबार भएकोलाई करार ऐनको परिधिभन्दा बाहिरको भन्न नमिल्ने ।

करार निश्चितरुपले एकपक्षीय हुँदैन । यसका आवश्यक तत्वहरूमा दुई पक्ष हुनै पर्दछ । तर दुई पक्षबीचको व्यवहारलाई करार ऐनले समेट्ने प्रयोजनका लागि लिखित करार नै हुनुपर्ने ।

एक पक्षले जुनसुकै आकार प्रकारबाट लिखित वा मौखिक रुपमा गरेको प्रस्ताव अर्को पक्षले लिखित वा मौखिक रुपमा स्वीकार गरी कुनै माल वस्तु वा सेवाको आपूर्ति गर्दछ त्यस्तो माल वस्तु वा सेवा अर्को पक्षले स्वीकार गरेको छ र कुनै कानूनको उल्लघंन हुने गरी भएको छैन भने त्यस्तो व्यवहारमा करार ऐन लागू नहुने भन्न नमिल्ने । दुई पक्षहरुको बीचमा कुनै वस्तु खरीद बिक्रि वा माग आपूर्ति गर्ने सम्बन्धमा भएको सहमतीअनुसार आपूर्ति गरेको देखिएमा करार ऐन, २०५६ को प्रयोजनको लागि त्यस्तो कारोवारको विषयमा दुई पक्षबीच सहमती (Agreement Between two Parties) भएको मानी सो विषयलाई करार ऐनअन्तर्गत समावेश गर्न सकिने ।

इजालस अधिकृत : विदुर कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको दे.पु.नं. CI-०९०१, मोही नामसारी, *अनिरुद्ध तिवारी वि. भुईलोटन यादव*

२०५१ सालमा मोही दाजु मरेकोमा तत्काल निजको हकवालाको हैसियतले दावी गर्न पाउने व्यक्ति कोही पनि नभएको अवस्थामा संशोधित ऐनको व्यवस्थाबमोजिम माग गर्न आएको मोहीको भाइलाई ऐनको पश्चातदर्शी असर पर्ने गरी व्याख्या गरी मोही नामसारी हुने ठहऱ्याई भूमिसुधार कार्यालय धनुषाबाट गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दावी पुग्न नसक्ने ।

इजालस अधिकृत : विदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

८.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको दे.पु.नं. १२१९, मोही लगत कट्टा, *भीमबहादुर जिमी वि. कालुराम चौधरी*

मोहीले २०३१ सालमा छोडपत्र निवेदन दिएको अवस्थामा उसै बखत त्यसमा कारवाही चलाई मोही लगत कट्टा गरी लगत समेत सच्याई त्यसको सूचना मोहीलाई उसैबखत दिनु पर्नेमा सोबमोजिम भए गरेको नदेखिएको अवस्थामा हाल आएर उसबखत मोहीले छोडपत्र गरेको भन्ने आधारमा मोही लगत कट्टा हुन सक्ने देखिँदैन । मोहीले दिएको छोडपत्रमा कानून बमोजिमको कार्यविधि पूरा गरी कारवाही नगरेसम्म मोहीको हक समाप्त भएको भन्न नमिल्ने ।

इजालस अधिकृत : विदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

९.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको दे.पु.नं. CI-०५१६, वाली भराई मोही निष्काशन, *शान्ता तण्डुकर वि. श्याम महर्जन*

मोही स्वयंले प्रतिवाद गर्दा कुत बुझाएको छु भर्पाइ गरी दिएन भनी प्रतिवाद गरेको र निजकै छोराले कुत बुझाई सकेको छु भनी जयराम तण्डुकारले गरी दिएको भर्पाइ पेश गरेको देखिँदा एकाको नाउँको जग्गाको कुत बुझी अर्कोले गरिदिएको भर्पाइले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

इजालस अधिकृत : विदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं.CI-०५१७, वाली भराई मोही निष्काशन, *शान्ता तण्डुकार वि. श्याम महर्जन* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५८ सालको फौ.पु.नं. ३०५६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. गोरे खड्का समेत*

प्रस्तुत मुद्दाको वारदात बसका यात्रु र बसका कन्डक्टरबीच सिर्जना भएको बस भाडा सम्बन्धी विवादको कारणबाट भएको देखिन आउँछ । बस भाडाको विषयमा विवाद सिर्जना हुनु पूर्व प्रतिवादीहरूले प्रतिशोधको लागि पीडितको ज्यान लिनु पर्नेसम्मको कुनै पूर्व रिसइवी मनोमालिन्य द्वेष केही रहेको देखिन आउँदैन । यसबाट प्रतिवादीहरूले पीडितको ज्यान लिने मनसाय लिई चलिरहेको बसमा यात्रा गरी रहेका यात्रुहरूसँग विवाद सिर्जना गरी पीडितहरू उपर कुटपीट समेतको कार्य गरेका रहेछन् भन्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल भदौ २८ गते रोज १ शुभम् ।

११.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको फौ.पु.नं. ३४५६, जवर्जस्ती चोरी, *उमेशकुमार सिँह वि. नेपाल सरकार*

वारदातमा यी प्रतिवादीकै संलग्नतालाई किटानी गरी जाहेरी दिइसकेपछि अनुसन्धान पक्ष अर्थात् सम्बन्धित प्रहरी कार्यालयले आफ्नो कानूनी कर्तव्यअन्तर्गत मौकामा अनुसन्धान गर्नुपर्नेमा नगरी ढिलो अनुसन्धान गरेको देखिदैमा प्रचलित कानूनबमोजिम भएको अनुसन्धानबाट संकलित प्रमाणहरूको प्रामाणिक मूल्य स्वतः घट्ने पनि होइन । त्यस्ता प्रमाणहरूले वारदातलाई सिलसिलेवार रुपमा पुष्टि गर्दछन् भने ती प्रमाणहरूको प्रामाणिक महत्वमा कुनै शंका गर्न मिल्दैन । तसर्थ वारदातको मितिभन्दा ढिलो गरी मौकाको कागज गराइएको भन्दैमा त्यस्तो कागजको महत्वलाई नकार्न नसकिने ।

इजालस अधिकृत : विदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

**१२.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३६०३, भ्रष्टाचार, *राजकुमारलाल कर्ण समेत वि. नेपाल सरकार*

प्रतिवादी रामप्रसाद प्रेमी र यी पुनरावेदक प्रतिवादी समेतको मिलेमतोबाटै मोसदीलालका वास्तविक हकदारलाई हानि नोक्सानी एवं निजहरूको हकै जाने गरी उनाउ व्यक्ति खडा गरी आ-आफ्ना श्रीमतीका नाउँमा जग्गा पारित गराई आफू र आफ्ना श्रीमतीहरूलाई गैरकानूनी लाभ हुने गरी मालपोत कार्यालय जस्तो सरकारी निकायबाट कानून विपरीत तरिकाबाट लिखत पारित गराई लिएको कार्य भ्रष्टाचारजन्य कसूरको परिभाषाभित्रै पर्न जाने ।

इजालस अधिकृत : विदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

**१३.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको फौ.पु.नं. ०२५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बाबुराम अर्याल*

कुनै जोखिमी हतियार प्रयोग गरेको नदेखिनुका साथै हात र मुड्कीले मात्र प्रहार गरेको देखिँदा र निजले मार्ने मनसायले नै सो प्रहार गरेको भन्ने कुरा समेत प्रमाणित नभै रिसको आवेगमा प्रतिवादीले गरेको कुटपीटबाट मृतकको मृत्यु हुन गएको देखिनाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल वैशाख ९ गते रोज ४ शुभम् ।

**१४.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको फौ.पु.नं. ०४०६, कर्तव्य ज्यान, *तीर्थबहादुर थापा वि. नेपाल सरकार*

वस्तुस्थिति मुचुल्काका मानिसहरूले अपराधको सिलसिलालाई मिल्ने गरी कागज गरिदिएका र अदालतमा समेत उपस्थित भई आफ्नो भनाईलाई समर्थन गरेको देखिन्छ । प्रतिवादीले मारेकोमा अदालतसमक्ष इन्कार गरी वयान गरे पनि मृतकले प्रतिकार गर्दा पनि करणी गरेको, एक दुई थप्पड एकदुई लात्ती हिर्काएको कुरामा सावित नै देखि र मृतकको योनी माथिपट्टी, चिउडो गालालगायत शरीरको विभिन्न भागमा चोटपटक लागेको कुरा लाशजाँच प्रकृति मुचुल्का र पोष्टमार्टम रिपोर्टबाट समेत देखिँदा प्रतिवादीले अभियोग दावीबमोजिमको अपराध गरेको पुष्टि हुने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल वैशाख ९ गते रोज ४ शुभम् ।

**१५.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको फौ.पु.नं.३१५७, आयकर, *सीतारम तिमल्सिना वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं*

आफ्नो कारोवारको सम्बन्धमा सबैभन्दा बढी जानकारी स्वयं करदातालाई नै हुन्छ भन्ने

सिद्धान्तका आधारमा करदातालाई कानूनबमोजिमको कर निर्धारण गरी सम्बन्धित निकायमा बुझाउने दायित्व सुम्पिएको पाइन्छ । आफ्नो आयको स्वयंलाई कर निर्धारण गर्न दिँदा आयमा पारदर्शीतता समेत देखाउन सक्नु पर्दछ । करदाताले पेश गरेको विवरण झूट्टा ठहरिन गएमा भने करदाताले मूल्य चुकाउनु पर्छ अर्थात् करदाताले झूट्टो विवरण दिएमा, कर छलेमा, घटी कर निर्धारण गरेमा भने सजायको भागीदार बन्नुपर्ने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको फौ.पु.नं.३१५८, आयकर, *सीताराम तिमल्सीना वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं*
- २०६१ सालको फौ.पु.नं. ३१५९, आयकर, *सीताराम तिमल्सीना वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं*

**१६.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३६३७, जवर्जस्ती करणी, *नेपाल सरकार वि. राजकुमार ढुंगाना*

पीडित १२ वर्षकी नावालिग भएतापनि पीडितले जाहेरी दर्खास्तमा प्रतिवादी राजकुमार ढुंगानाले आफूलाई विगत एकवर्ष देखि पटक-पटक जवर्जस्ती करणी गर्दै आएको भनी लेखाएको र प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष आफूले वहिनीलाई एक वर्ष अगाडिदेखि पटक-पटक करणी गरी आएको र पछिल्ला दिनहरूमा बहिनीको योनीमा आफ्नो लिङ्ग पूरै छिर्न थाल्यो भनेबाट पीडितको योनीको झिल्ली च्यातिएको पाइएको भन्ने जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदनबाट प्रतिवादीले मिति २०६१।७।२९ को घटना घटनुभन्दा पहिले पनि पीडितलाई पटक-पटक जवर्जस्ती करणी गर्दै आएको भन्ने पीडितको कथनलाई प्रतिवादीको वयान एवं पीडितको स्वास्थ्य परीक्षण समेतबाट समर्थित हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

**१७.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. १११९, लिलाम बदर हक कायम समेत, *हुलास राय यादव वि. रामकैलाश राय यादव*

लिलाम बदरको लागि दण्ड सजायको ६१ नं.र अ.बं. १७ नं. को प्रक्रिया पूरा नगरेको भन्ने प्रतिवादी पुनरावेदकको जिकीर सम्बन्धमा विचार गर्दा रामनारायण दासले हुलास राय यादवसँग लिएको व्यक्तिगत ऋणसम्बन्धी लेनदेन मुद्दाको बिगो असूलीमा राम कविर मठको रेखदेख मर्मत सम्हार गरी भोगचलन गर्नेसम्मको अख्तियारी प्राप्त गरेका व्यक्तिले आफूलाई कानूनले दिएको अख्तियारीभन्दा बाहिर गै संस्थाको बदनियत चिताई गरेको लिलामीउपर सरोकारवाला व्यक्तिसरह वादीले दण्डसजायको ६१ नं. र अ.बं. १७ नं. बमोजिमको प्रक्रिया अवलम्बन गर्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

## इजलास नं. ३

**१.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६० सालको दे.पु.नं. ९४२४, मिलापत्र बदर, *जहिद मुसलमान समेत वि. नजवुन नेसा मियाँ समेत,* ९४२५, *नजवुन नेसा मियाँ समेत वि. जहिद मुसलमान समेत*

भूमिसुधारको प्रयोजनको लागि भरेको ७ नं. फाराममा नैमुल्लाले ज.वि. ११-१३-१२ र जमदारले १-१७-१० को जग्गाको विवरण उल्लेख

गरेको देखिई नरम गरम मिलाई भरेको पनि देखिँदैन । यस्तो भूमिसुधार प्रयोजनको लागि जमदार र सिद्धुकी पत्नी नैमुल्लाको असमान रुपमा भरेको विवरणकै आधारले मात्र यिनीहरू बीच वण्डा भएको भनी अनुमान गर्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल साउन २६ गते रोज २ शुभम्

- यसै लगाउको २०६० सालको फौ.पु.नं. ३५४६, ३५४७, जालसाजी, *नजमुन नेसा मियाँ समेत वि.जहिद मुसलमान समेत, जहिद मुसलमान समेत वि. नजमुन नेसा मियाँ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको फौ.पु.नं. ००५१, ००८६, ००८७, जवर्जस्ती करणी, *रामनारायण कामत वि. नेपाल सरकार, रमेश मण्डल वि. नेपाल सरकार, ख बहादुर वि. नेपाल सरकार*

जवर्जस्ती करणीका चिन्ह २७/२८ दिनपछि भएको शारीरिक जाँचबाट नदेखिनु स्वाभाविक नै देखिन्छ । तीन-तीन जना वयष्क प्रतिवादीहरूका विरुद्ध एउटा अपाङ्ग युवतीले संघर्ष गर्न नसक्ने भएबाट पनि पीडितको शरीरमा संघर्षका चिन्ह नदेखिन सक्ने अवस्था रहेकोले पाइन्छ । जाहेरी ढिला पर्नुको कारण स्पष्ट खुलाई जाहेरीमा व्यहोरा उल्लेख भएको र देखाइएको सो कागज बनावटी र झुट्ठा मान्नुपर्ने अवस्था नहुँदा ढिलो जाहेरी परेबाट बलत्कार नै भएको छैन भन्ने पुनरावेदन जिकीरको औचित्य नदेखिँदा र त्यसलाई सफाईको आधार मान्न नसकिने ।

इजालस अधिकृत : माधवप्रसाद अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल जेठ २० गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको स.फौ.नं. ३११४, जीउमास्ने बेच्ने, *सुदीप साह वि. नेपाल सरकार,* २०५९ सालको स.फौ.पु.नं. ३२०५, *नेपाल सरकार वि. हरिशंकर साह समेत*

ऋषिमाया पौडेलको वयान, वीरबहादुर श्रेष्ठको बकपत्र एवं दुर्गामाया पौडेलको बकपत्र एक-आपसमा बाझिएको अवस्था एवं विशेष अदालतमा चलेको यसै विषयको मुद्दामा भएको रेणु हमाल र पद्मा कादम्बरीको कागज तथा चितवन जिल्ला अदालतमा चलेको यिनै प्रतिवादी मध्येका हरिशंकर साह वादी भोजेन्द्रप्रसाद पौडेल प्रतिवादी भएको फौ.पु.नं.२।१९० को लुटपीट मुद्दा फिर्ता लिंदा उल्लेख भएको व्यहोरा समेतका आधार एवं कारणबाट शुरु चितवन जिल्ला अदालतले प्रतिवादी सुदीप साह समेतलाई अभियोग दावीबाट सफाई दिने ठहऱ्याएको फैसला केही उल्टी गरी प्रतिवादी सुदीप साहलाई सम्म दश वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालत हेटौडाको मिति २०५९।५।४ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी सुदीप साह समेतलाई सफाई दिएको शुरु चितवन जिल्ला अदालतको फैसला कायम हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल जेठ १८ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६१ सालको स.फौ.नं. ३४९५, जीउमास्ने बेच्ने, *नेपाल सरकार वि अम्बिका रायमाझी समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ००२०, फैसला बदर हक कायम समेत, *सीतादेवी महर्जन वि. वेखलाल महर्जन समेत*

यिनै वादीले ललितपुर जिल्ला अदालतमा अंश मुद्दाको फिराद दायर गरी हाल विचाराधीन अवस्थामा रहेको तथ्यलाई दुवै पक्ष वादी प्रतिवादीले स्वीकारै गरेको र अंशको दावी तर्फ उसै मुद्दाबाट ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दाबाट अंशको सम्बन्धमा केही वोली रहन नपर्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : नारायण आचार्य

इति संवत् २०६६ साल साउन २८ रोज ४ शुभम् ।

**५.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको दे.पु.नं. ८९०५, अवण्डा घर जग्गा वण्डा गरिपाऊँ, *ठूलो दशरथ कुर्मी वि. अयोध्या कुर्मी*

वादी ठूलो दशरथ कुर्मीले अवण्डा जग्गा वण्डा गरिपाऊँ भनी प्रस्तुत फिराद गरेकोमा यिनै प्रतिवादी अयोध्या कुर्मीले प्रस्तुत मुद्दाका वादीलाई प्रतिवादी बनाई २०५८ सालको दे.नं. १८६८ को अंश मुद्दा दायर गरी कपिलवस्तु जिल्ला अदालतबाट २०५९।९।१७ मा मुल्तवी रहेको भन्ने कुरा उक्त मितिको आदेशको प्रतिलिपिबाट देखिन्छ । यसरी यी वादी प्रतिवादीका बीचमा परेको अंश मुद्दाबाटै प्रमाण बुझी प्रस्तुत मुद्दामा दावी लिएको विषयमा समेत उसै अंश मुद्दाबाट ठहरेबमोजिम हुने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : नारायण आचार्य

इति संवत् २०६६ साल साउन २८ रोज ४ शुभम् ।

**६.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ९३४३, छुट जग्गा दर्ता, *मालपोत कार्यालय सप्तरी राजविराज वि. श्यामसुन्दर चौधरी*

न्याय प्रशासन ऐन, २०४८ को दफा १९(२) को व्यवस्था प्राकृतिक न्यायको सिद्धान्त, स्वच्छ सुनुवाईको सिद्धान्त एवं प्रत्येक न्यायकर्मीले तटस्थता एवं निष्ठ ( Impartiality and Integrity ) एवं न्यायिक परिपाटीका सम्पूर्ण तत्वहरू आफूमा समाहित गराई फैसला गर्नुपर्नेमा सोको विपरीत एक पटक निर्णय गरी सकेको मुद्दामा पुनः आफू समेत संलग्न भई पुनः सोही मुद्दामा फैसला गरेको देखिँदा त्यस्तो फैसला कायम रहन नसक्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : नारायण आचार्य

इति संवत् २०६६ साल असार २३ गते रोज शुभम् ।

**७.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०५८ सालको दे.पु.नं. ८१७३, करारबमोजिम रकम दिलाई पाऊँ, *राजमणी न्यौपाने वि. सुरेशप्रसाद पराजुली*

करार गर्ने सबै पक्षले आफ्नो दायित्व करार र कानूनअनुसार पूरा गर्नुपर्ने हुन्छ । कुनै एक पक्षले आफ्नो दायित्व पूरा नगरेमा त्यसबाट हुन जाने हानि नोक्सानीलगायतका दुष्परिणामको जिम्मेवारी पनि दायित्व पूरा नगर्ने पक्षले नै लिनुपर्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल जेठ १८ गते रोज २ शुभम् ।

**८.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको फौ.पु.नं.०७२९, जवर्जस्ती करणी, *गोपाल चमार वि. नेपाल सरकार*

पानी धारामा लुगा धोएको कारण रिसइवीबाट झूठा जाहेरी दिएका हुन भन्ने प्रतिवादीको जिकीर भएपनि कुनै पनि व्यक्तिले त्यस्तो विवादमा आफ्नो ६ वर्षकी छोरीउपर जवर्जस्ती करणी गरेको भन्ने जघन्य अपराध मानिने कसूरमा झूठा उजूरी दिन्छ भन्ने अनुमान गरी अपराधबाट उन्मुक्ति प्रदान गर्नु न्यायोचित नहुने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल वैशाख ३० रोज ४ शुभम् ।

**९.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. १२७४, अष्टलोह शेषपछिको बकसपत्र बदर, *ईश्वरप्रसाद चित्रकार वि. ईश्वरभक्त चित्रकार समेत,* २०६३ सालको दे.पु.नं.०६८५, *ईश्वरभक्त चित्रकार समेत वि. ईश्वरप्रसाद चित्रकार*

बिधवा स्वास्नीमानिसले उमेर पुगेका छोराहरूको मञ्जूरी नलिई अचलमा आधाभन्दा बढी आफ्नो खुस गर्न नपाउने देखिन्छ । प्रस्तुत विवादमा आमा चिरीमायाले आफ्नो अंश हकको प्रतिवादी राजेन्द्रलाई शेषपछिको कि.नं.२४२ को घर जग्गा बकसपत्र दिँदा छोरामध्ये वादी ईश्वरप्रसाद चित्रकारको मञ्जूरी लिएको नदेखिँदा स्त्री अंशधनको २ नं. को तत्कालीन कानूनी व्यवस्थाअनुरूप चिरीमायाले आफूखुस गर्न पाउने आधा सम्पत्तिबाहेकको आधाको वादीको हक जतिको शेषपछिको बकसपत्रको लिखत बदर हुने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. १२७३, अंश चलन, *ईश्वरप्रसाद चित्रकार वि. ईश्वरभक्त चित्रकार,* २०६३ सालको दे.पु.नं.०६८४, *ईश्वरभक्त चित्रकार समेत वि. ईश्वरप्रसाद चित्रकार* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१०.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको दे.पु.नं.४७३, अंश दर्ता, *खेदुराम राय यादव वि. मौलादेवी*

फिराद पर्नुभन्दा लगभग २५ वर्षअघि २०३२।२०३३ सालको नागरिकताको अस्थायी निस्सामा मौलादेवी लक्ष्मीनारायणको श्रीमती लेखिएको भन्ने आधारले मात्रै अन्य लक्ष्मी नारायणको इन्कारी कागज समेतका सबुद प्रमाणबाट निज लक्ष्मी नारायणको श्रीमती प्रमाणित नभएको अवस्थामा नागरिकताको अस्थायी निस्सामा उल्लेख भएकोलाई अकाट्य प्रमाण स्वरुप ग्रहण गर्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

**११.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको दे.पु.नं. ७१७, अंश, *भुलई केवट समेत वि. सुलई केवट*

स्वयं अंशियारमध्येकै केदार केवटले वादी, प्रतिवादीहरू मध्ये भुलाई र निज समेत दाजु भाई नाताका हो भनी गरेको वयानसमेतबाट वादी प्रतिवादी दाजु भाइ नाताका भएको तथ्यलाई समर्थन गरेको पाइन्छ । उल्लिखित तथ्यको आधारमा वादी प्रतिवादी दाजु भाइ नाताका व्यक्ति देखिई एउटै पुस्तेवारीभित्रको देखिन आउने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

**१२.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर वम,** २०६२ सालको दे.पु.नं. ९७१२, निषेधाज्ञा परमादेश, *कर्जा असूली तथा पुनसंरचना विभाग समेत वि. दीपेन्द्र तण्डुकार*

निवेदन जिकीरको जग्गा निवेदकलाई विपक्षीमध्येको अनिललाल श्रेष्ठले मिति २०५१।६।१६ मा दृष्टिबन्धक पारित गरिदिएको देखिन्छ । सो पहिले नै पारित गरिदिएको मिति २०५१।६।१६ पछि मात्र पुनरावेदक राष्ट्रिय बाणिज्य बैंकले मिति २०५४।५।८ मा मात्र आफ्नो ऋणबापत उक्त जग्गा रोक्का राख्न पत्र लेखेको देखिन्छ । प्रत्यर्थी विपक्षीले दृष्टिवन्धक पारित गरिलिएको लिखत जेठो देखिएको र सो पारित लिखतअनुसार रोक्का राख्न जनाउने कार्यालयको गल्तीले सम्बन्धित स्रेस्तामा रोक्का नराखेकै कारणले निजको हकमा असर पर्ने नदेखिने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

१३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर वम,** २०६५ सालको दे.पु.नं. CI-१४५, निषेधाज्ञा, *खकिन्द्र भण्डारी वि. केयर इन्टरनेशनल नेपाल समेत*

निवेदकले विपक्षीबाट जुन रकमहरू नदिएकोले दिनु भनी परमादेशको आदेश जारी गरिपाऊँ भनी प्रस्तुत निवेदन दायर गरेको छ सो सम्बन्धमा श्रम ऐन, २०४८ को दफा २५(१) ले बैकल्पिक कानूनी उपचारको व्यवस्था गरेको र सो उपचार प्राप्ति अन्तर्गत निवेदकले विपक्षी श्रम कार्यालय काठमाडौंमा निवेदन दिई कारवाहीयुक्त अवस्थामा रहेको भन्ने देखिएबाट निवेदकको मागबमोजिमको परमादेशको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

१४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर वम,** २०६५ सालको दे.पु.नं. CI-००८३, निषेधाज्ञा, *काठमाडौं महानगरपालिकाको कार्यालय वि. वसन्तबहादुर श्रेष्ठ*

निवेदकको नाउँमा दर्ता भएको कि.नं. ३११, २८४ र १७३ को जग्गाको पूर्वतर्फ बाटो प्रयोजनको लागि माटोले सम्म पारी रहेको भन्ने देखिन्छ । जसबाट निवेदकले जिकीर लिएबमोजिम विपक्षी निवेदकको उल्लिखित कित्ताका जग्गाको पूर्वतर्फ बाटोको लागि भनी जग्गा अतिक्रमण हुने आशंका रहे भएको पाइयो । यस्तो अवस्थामा अतिक्रमण हुने आशंका देखिएको जग्गाको सम्बन्धमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

१५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर वम,** २०६२ सालको दे.पु.नं. ८४८१, निषेधाज्ञा, *सुरेन्द्रकुमार सिंह वि. राजेन्द्रप्रसाद विद्यार्थी समेत*

जुन काम कारवाही हुने आशंका देखाई रोकिपाऊँ भनी निवेदन परेको छ सो काम कारवाही भइसकेको देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञा जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं.-CI-१३१, निषेधाज्ञा, *रामकृष्ण कर्माचार्य वि. यूराशिया रेयुकाई समिति समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर वम,** २०६५ सालको दे.पु.नं.२६७, निषेधाज्ञा मिश्रित परमादेश, *भीमबहादुर श्रेष्ठ समेत वि. पश्चिमाञ्चल सडक डिभिजन कार्यालय ५ नं. शिवपुर समेत*

राज्यले व्यक्ति विशेषका सम्पत्ति गैरकानूनी रुपमा लिन नहुने र कसैको सम्पत्ति बाटो समेतको लागि प्राप्त गर्दा सडक ऐन, २०३१ र जग्गा प्राप्ति ऐन, २०३४ ले निर्दिष्ट गरेको कानूनी प्रावधानहरू समेत अपनाई विधिसम्मत उपायको अवलम्बन गर्नुपर्दछ । उल्लिखित तथ्य र विवेचनाको आधारमा निवेदकहरूको मागबमोजिमका कित्ता जग्गाहरूमा उल्लिखित कानूनले निर्दिष्ट गरेको प्रावधानअनुरूपमा प्रक्रिया पूरा गरेर मात्र बाटो समेत निमार्ण गर्नु भनी विपक्षीको नाउँमा परमादेशसम्म जारी हुने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

**१७.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको रिट नं. ०६६८, उत्प्रेषण समेत, *सुवर्णमान वनेपाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ ले धारा १३ मा समानताको हकको संवैधानिक प्रत्याभूत गरेको देखिन्छ । उक्त धारा १३ (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था भई यही मान्यताअनुरूप हालसम्म विभिन्न कानूनहरू निमार्ण भई अस्तित्वमा रहेका र सोमध्येको एउटा कानून निजीकरण ऐन, २०५० पनि रहेको देखिन्छ । उक्त ऐनको दफा १४ (४) ले नेपाल सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानहरूलाई निजीकरण गर्ने क्रममा त्यस्ता प्रतिष्ठानमा कार्यरत् कर्मचारी र कामदारलाई केही शेयरहरू निःशुल्क वा कम मूल्यमा उपलब्ध गराउने छ भनी व्यवस्था गरेबाट यस्ता प्रतिष्ठानमा कार्यरत् कर्मचारी र कामदारलाई विशेष वर्ग मानी सोहीअनुरूपको विशेष व्यवहार हुने भनी स्पष्ट छुट्टै व्यवस्था गरेको देखिन्छ । यस्तो व्यवस्था समानलाई समान व्यवहार गरिनु पर्छ ( Like Should be treated alike ) भन्ने मान्यता अनुरूप नै रहे भएको देखिँदा सर्वसाधारण नागरिक र नेपाल दूर सञ्चार कम्पनी लिमिटेडका कर्मचारी बीच नेपाल सरकारले भेदभावपूर्ण व्यवहार गरेको नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६४ सालको रिट नं. ०६२९, उत्प्रेषण परमादेश, *लक्ष्मण थपलिया वि. सूचना तथा सञ्चार मन्त्रालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१८.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको रिट नं. ०६५९, उत्प्रेषण समेत, *रामचन्द्र सिखडा समेत वि. नेपाल दूर सञ्चार कम्पनी काठमाडौं समेत*

नेपाल दूर संञ्चार कम्पनी लिमिटेडका उपभोक्ताहरू लाखौँको संख्यामा रहेका र उपभोक्ताहरूले सेवा उपभोग गरेर नै उक्त कम्पनीको विकास एवं विस्तार भइरहेको र सो अनुरूप नै विपक्षी संस्थानको विकास एवं विस्तार भई त्यसको प्रतिफल उपभोक्ता, सर्वसाधारण तथा सिङ्गो राष्ट्रले उपभोग गर्न पाएको अवस्था एवं स्थिति छ । यसरी सिङ्गो राष्ट्रलाई आफ्नो कार्यसम्पादन एवं सफलताबाट गुन लगाउन सक्षम भएको नेपाल दूरसंञ्चार कम्पनी लिमिटेडको अधिकांश हिस्सा नेपाल सरकारमा रहेको र सो कारणबाट उक्त कम्पनी पनि सरकारी कम्पनी सरह नै रहेको हुँदा सो कम्पनीले भविष्यमा गर्ने कुनै पनि प्रकारका काम कारबाहीहरू यसका उपभोक्ताहरूको सर्वोत्तम हीत र सहुलियततर्फ उन्मूख रहनु पर्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको रिट नं. ०६६७, उत्प्रेषण परमादेश, *मातृकाप्रसाद निरौला समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१९.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको फौ.पु.नं. ०४९८, जालसाज, *कुवेर बस्नेत समेत वि. खेमकुमारी वली (बस्नेत)*

प्रतिवादी कुवेर बस्नेत आफ्ना बाबु प्रतिवादी वीरबहादुर बस्नेतसँग अंश बुझेको भर्पाई गर्दाको अवस्थामा यी बाबु छोराबीच मनोमालिन्य

तथा मनमुटाव रहे भएको केही देखिँदैन । यस्तो बाबुको एक मात्र छोरा त्यसमा पनि बाबु-आमासँग राम्रो सम्बन्ध भएको अवस्थामा अंश बापत नगद बुझी लिई अलग बस्नु पर्ने टड्कारो कारण र अवस्था केही देखिन आउँदैन । उल्लिखित तथ्यबाट प्रतिवादी कुवेर बस्नेतले विवादित अंश बुझेको भरपाई गर्नुको अन्तर्निहित कारणमा आफ्नी श्रीमती वादी खेमकुमारीसँगको मनमुटाव नै प्रमुख कारकको रुपमा रहेको देखिन आउँछ । जसको उद्देश्य वादीलाई अंश दिन नपरोस् भन्ने रहेको अनुमान स्वतः हुन्छ । यस्तो अवस्थामा वादीसँग पुनरावेदक प्रतिवादीहरूको मनोमालिन्य भै घरायसी विवाद उत्पन्न भै सकेको र निज घरमा समेत नरहेको स्थितिमा प्रतिवादी कुवेर बस्नेत र वीरबहादुर बस्नेतले नगद अंश बुझेको भरपाई गरी लिए दिएको कार्यमा वादीलाई अंश हकबाट बञ्चित गर्ने साथै पुनरावेदक प्रतिवादीलाई फाइदा र वादीलाई नोक्सान पार्ने उद्देश्य रहेको पाइन्छ । यस्तो अवस्थामा उल्लिखित भरपाई लिने दिने कार्यलाई सद्दे साँचो व्यहोराको भन्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

**२०.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४सालको दे.पु.नं. १०, खाना खर्च, *खेमकुमारी वली (वस्नेत) वि. कुवेर बस्नेत,* २०६३ सालको दे.पु.नं. ०८५३, *कुवेर बस्नेत वि. खेमकुमारी वली(बस्नेत)*

अंशबापत बुझेको रु ५०,०००।- लाई सम्म प्रतिवादीको आयभित्र समावेश गर्न मिल्ने देखिएन । त्यसदेखि बाहेक नै प्रतिवादीले अधिकृत पूँजी पाँच लाख रहेको वेर्ष्टन ई.मि. स्कूल खोली सो स्कूलको संस्थापक एवं शिक्षकसमेत भै काम गरिरहेको देखिन आएकोले उक्त कारोवार व्यवसाय एवं अन्य स्रोतको आधारमा पुनरावेदक प्रतिवादीको आर्थिक हैसियत र वादीलाई आवश्यक पर्ने न्यूनतम् खाना खर्चबापतको रकम समेतलाई दृष्टिगत गरी वार्षिक रु ६०,०००।- सम्म खाना खर्चबापतको रकम प्रतिवादीबाट वादीलाई भराई दिने कुरा न्यायसंगत हुने ।

इजलास अधिकृत : अर्जुर्न अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

**२१.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. CR-००५०, बढुवा पाउने उद्देश्यले झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *गोविन्द सिँह धामी वि. नेपाल सरकार*

प्रतिवादीले पेश गरेको शैक्षिक प्रमाणपत्र सम्बन्धमा प्रमाणपत्र जारी गर्ने आधिकारीक शैक्षिक संस्थाबाटै प्रतिवादीले पेश गरेको प्रमाणपत्र सम्बन्धमा गलत हो भनी लेखिआएको अवस्थामा प्रतिवादीले हाइस्कूल परीक्षा उत्तीर्ण भएको भनी प्रमाणपत्र बनाई पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई सही साँचो हो भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल साउन ३० रोज १ शुभम् ।

**२२.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ०८८६, बाली दिलाई मोही निष्काशन, *कुञ्जिलाल चौधरी वि. रामगुलाम दास*

संशोधित कानूनी व्यवस्था २०५३ सालमै लागू भैसकेकोमा सोभन्दा पछि २०५७ सालको वालीमा दावी गरेको देखिँदा भूमि सम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनको कानूनी व्यवस्था विपरीत कुत नबुझाएको भन्ने आधारमा मोहीलाई मोहियानी हकबाट निष्काशन गर्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

**२३.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको फौ.पु.नं. ३३३५, नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने, *नेपाल सरकार वि. रामटहल राय अमात*

राम टहल अमातको जन्म निजको विवादित नागरिकताको प्रमाणपत्रबाट २००३ साल भन्ने देखिन्छ । जसबाट उल्लिखित २००६ सालको जनसंख्याको लगत लिँदा निज राम टहल अमातको जन्म भै निज ३ वर्षको भै सकेको हुनु पर्दछ । यदि भटाई अमातको निज राम टहल सन्तान भएको भए निजको नाम पनि उक्त लगतमा समावेश हुनुपर्ने हो तर सो भएको देखिँदैन । जसबाट भटाई अमातको छोरा निज राम टहल नभएकोले नै उक्त जनसंख्या लगतमा निजको नाम समावेश नभएको अनुमान गर्नुपर्ने हुन आउँछ । उल्लिखित तथ्य र विवेचनाको आधारमा प्रत्यर्थी प्रतिवादी राम टहल अमातको पिता पूर्खा भारतबाट आई नेपालमा बसोवास गरेको निजको बाबु भटाई अमात हो भन्ने कुरा तथ्यबाट पुष्टि हुन नआएको समेतबाट प्रतिवादी राम टहल राय अमातले प्राप्त गरेको जन्मसिद्ध नेपाली नागरिकताको प्रमाणपत्रलाई सही साँचो भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : अर्जुन अधिकारी
इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

**२४.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०१४२, ०६५-CI-०५३२ अंश चलन, *कावेरी झा समेत वि. कमलादेवी झा समेत, पुनिता झा समेत वि. सरोजनी मानन्धर*

स्वास्नीमानिसलाई आफ्नी आमाबाट हालैको बकसपत्रबाट प्राप्त गरेको जग्गा भन्दैमा मात्र दाइजोको भन्ने तथ्यबाट पुष्टि नभएको अवस्थामा सो जग्गा दाइजोको भई स्त्री अंशधनको भनी अर्थ गर्नु न्यायसँगत नहुदा दाइजो नलेखिएको अवस्थामा स्वास्नी मानिसलाई माइती मावलीपट्टिका नातेदारले दिएको हा.व. को जग्गा केवल स्वास्नी मानिसको लागि मात्र दिएको नभै निज स्वास्नी मानिसका छोरा तथा सन्तानका लागि भनेर समेत दिएको अनुमान गर्नुपर्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल असार १० रोज ४ शुभम् ।

**२५.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं.–CI-४९५, अंश चलन, *विना श्रेष्ठ वि. रामचन्द्रमान सिँह राजवंशी समेत,* २०६५ सालको दे.पु.नं.-CI-०२८१, ०८९० र ०८९१, *रोजी राजवंशी समेत वि. विना श्रेष्ठ समेत, रामचन्द्रमान सिँह राजवंशी वि. विना श्रेष्ठ समेत, मुना राजवंशी वि. विना श्रेष्ठ समेत*

एउटी बच्चासहितको महिलाले प्रतिवादी रामचन्द्रमान सिँहलाई लोग्ने र छोरा बिनोदको पिता भनी फिराद गर्नुपर्नेसम्मको कुनै अन्य कारण प्रतिवादीले उल्लेख गर्न नसक्नुको अतिरिक्त वालक बिनोद राजवंशी उनाउ व्यक्तिको छोरा हो भनी प्रतिवादीले जिकीर सम्म पनि लिन सकेको देखिँदैन । उल्लिखित तथ्यको आधारमा वादी बिना श्रेष्ठ (राजवंशी) प्रतिवादी रामचन्द्रमान सिँहको श्रीमती र विनोद राजवंशी छोरा नाताका व्यक्ति देखिई नाता कायम हुने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल असार १० रोज ४ शुभम् ।

**२६.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७३०, लागू औषध फेन्सिडिल, *नेपाल सरकार वि.प्रकाश धौबन्जार*

कसूरदार ठहर गरिएकी सहअभियुक्त प्रतिवादी मधु धौबन्जार र यी प्रतिवादी प्रकाश धौबन्जार श्रीमान् श्रीमती नाताका भई सँगै बसेकोले कसूरमा प्रतिवादी प्रकाश धौवन्जारको पनि संलग्नता हुनु पर्दछ भन्ने अनुमानको भरमा

मात्र प्रतिवादी प्रकाश धौबन्जारउपरको आरोपित कसूर शंकारहित तवरबाट पुष्टि हुन नआएको अवस्थामा यी प्रतिवादीलाई सजाय गर्नु न्यायसँगत र कानूनसँगत नदेखिने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ ११ गते रोज २ शुभम् ।

**२७.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं.३१३८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. पिताम्बर खरेल*

आफू माथि के गर्न खोजिएको हो भन्ने थाहा नपाउने अवस्थाकी १० वर्षकी अबोध पीडित बालिकाले भय र त्रासको वातावरणमा प्रतिवादीको कसूरबाट बच्न प्रतिकार गर्न सक्ने अवस्था नहुने हुँदा शरीरमा संघर्षको चिन्ह हुनुपर्ने भनी विवेचना गर्नु न्यायोचित नहुने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ ११ गते रोज २ शुभम् ।

**२८.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको फौ.पु.नं., ३४९८ लागू औषध गाँजा, *वालेश्वर यादव वि. नेपाल सरकार*

मिति २०५८।६।२३ गते बरामद भएको गाँजा मिति २०५८।६।२४ गते दिनको ३.०० वजे सम्म सम्बन्धित जिल्ला प्रहरी कार्यालय वा इलाका प्रहरी कार्यालयमा दाखिला नगरी त्यसतर्फ जाहेरी समेत नदिएको कार्यलाई प्रतिवादीको असल नियत मान्न नसकिने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ ११ गते रोज २ शुभम् ।

**इजलास नं. ४**

**१.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६२ सालको रिट नं. २६१८, उत्प्रेषण समेत, *भगवान प्रधान वि. नेपाल इण्डष्ट्रियल एण्ड कमर्शियल बैंक लि. कमलादी समेत*

निवेदक सञ्चालक रहेको संस्था नेकोन एयर लिमिटेडले सहवित्तीयकरणका पक्षधरहरूसँग ऋण लिएको र सो असूलउपर हुन नसकेको कुरा निवेदकले स्वीकार गरेको र सोही कारणले उक्त नेकोन एयर लि. Defaulter देखिएको अवस्थामा सोही आधारमा निवेदकलाई कानूनद्वारा प्राप्त अधिकार प्रयोग गरी विपक्षी कर्जा सूचना केन्द्रले कालोसूचीमा समावेश गरेको कार्यमा कानूनतः कुनै त्रुटि नदेखिएको अवस्थामा कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरेको कार्य कानूनबमोजिम नै भएको देखिने ।

इजलास अधिकृत : कृपासुर कार्की
इति संवत् २०६५ साल भदौ १६ गते रोज २ शुभम् ।

- यसैबमोजिमको २०६२ सालको रिट नं. २६१७, उत्प्रेषण समेत, *भगवान प्रधान वि. नविल बैंक लिमिटेड कमलादी समेत* भएको मुद्दामा पनि यसैअनुरूप निर्णय भएको छ ।

**२.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको रिट नं. ३२१०, उत्प्रेषण मिश्रित परमादेश, *मानकुमार प्रधान वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

भूमिहीन, आयस्रोतहीन र वासस्थानहीन व्यक्तिहरूको लागि उपलब्ध गराउने Public Trust Doctrine ले Guide गर्ने सार्वजनिक सम्पत्ति जानाजान झूठ्ठा व्यहोरा र विवरण दिई आफ्नो नाममा पनि जग्गा दर्ता गराउने निवेदकको कार्य निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को पदअनुसारको आचरण विपरीतको कार्य मात्र नभई नेपाल कानून जानी-जानी पालना नगरी आफूलाई फाइदा र सरकारलाई हानि हुने भ्रष्टाचारजन्य हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल वैशाख ३१ रोज ५ शुभम् ।

**३.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको फौ.पु.नं. ०१३१, *फुलमती श्रेष्ठ (महर्जन) वि. नेपाल सरकार*

जीउ मास्ने बेच्ने अपराध एक देशमा उत्पन्न भई कम्तीमा नजिकको छिमेकी राष्ट्रमा पुगेर अन्त्य हुन्छ । यसले गर्दा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐनअन्तर्गतको अपराधको कम्तीमा Regional Dimension हुन्छ । त्यसैले यस्तो अपराधको रोकथाम, नियन्त्रण र अपराधीलाई सजाय दिलाउन Bilateral, Regional वा अन्तर्राष्ट्रिय स्तरकै आवश्यक पर्ने ।

अदालतमा हुने फौजदारी अदालती कारवाहीमा कसैलाई दोषी ठहऱ्याउन चाहिने प्रमाण नै हो । अपराध जतिसुकै गम्भीर भए पनि प्रमाण छैन भने अदालतले निर्दोष मान्नु पर्दछ । यस प्रकारका बालबालिका बिक्री गराएको अपराधमा बिक्री गरे गरिएका पीडित नै महत्वपूर्ण प्रमाण हो । त्यसै गरी Minor को Rape वा Child Sex Abuse वा Paedophille मा पनि पीडित महत्वपूर्ण प्रमाण हुने ।

इजालस अधिकृतः युवराज गौतम

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६५ साल माघ २२ गते रोज ४ शुभम् ।

**४.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०५९ सालको रिट नं. २४९५, उत्प्रेषण समेत, *शिवप्रसाद प्याकुरेल समेत वि. हुलाक सेवा विभाग डिल्लीबजार काठमाडौं समेत*

निजामती कर्मचारीलगायत अन्य कुनै पनि संगठनका कर्मचारीहरूलाई के कति तलब, के कस्तो भत्ता र के कति सुविधाहरू दिने भन्ने कुरा नीतिगत कुरा हुन् । संगठनमा कार्यरत् विभिन्न कर्मचारीहरूलाई तह वा श्रेणीमा वर्गीकरण गरी विभिन्न तह र विभिन्न श्रेणीमा कार्यरत कर्मचारीहरूलाई फरक-फरक तलबलगायत अन्य सुविधा दिने कुरा पनि नीतिगत कुराहरू भएकाले यस्ता नीतिगत कुरामा भेदभाव गरिएको अवस्थामा वाहेक अन्य अवस्थामा अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल जेठ १२ गते रोज ६ शुभम् ।

**५.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं.WO-१०५०, उत्प्रेषण समेत, *नारायणप्रसाद गुप्ता वि. प्रशासकीय अदालत समेत*

निवेदकउपर भएको विभागीय सजायको निर्णयउपर पुनरावेदन सुन्ने निकाय प्रशासकीय अदालतमा पुनरावेदन तहको उपचार प्राप्त गरी निवेदकले जिकीर लिएको विस्तृत कुराहरूमा विवेचना भई शुरुको कारवाही सदर गर्ने ठहर फैसला भैसकेको परिप्रेक्ष्यमा पुनः सो उपर चित्त नबुझी पुनः रिटको माध्यमबाट यस अदालतमा प्रवेश गरेको देखिन आएको हुँदा र पुनरावेदन तहबाटै विवेचना भैसकेका कुराहरूमा अब पुनः धारा १०७(२) को अधिकारक्षेत्रबाट तथ्यमा प्रवेश गरी विचार गर्न मिल्ने स्थिति नरहने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम् ।

**६.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं. ८३६५, जग्गा खिचोला चलन, *जयनन् मण्डल समेत वि. सुकदेव यादव*

साविक र हालको नक्सा भिडाई हेर्दा वादीको हकभोगभित्र पर्ने जग्गाको लम्वाई चौडाई तथा क्षेत्रफल समेतमा कमी हुन आएको अवस्थामा पुनरावेदन अदालतले मिसिल संलग्न नक्सा प्रमाणहरूको विवेचना गरी दक्षिण तर्फबाट ३५।४० फीट जग्गा प्रतिवादीले खिचोला गरी आफ्नो कि.नं.९६७ र ९६४ को जग्गामा घुसाई खिचोला गरेको ठहराई शुरु जिल्ला अदालतले केवल २"/४०" फीटजग्गासम्म खिचोला ठहर गरेकोलाई

केही उल्टी गरी प्रतिवादीहरूले खिचोला गरेको उपरोक्त जग्गाको चलन दिनुपर्ने ।
इजलास अधिकृत : हरिहर पौड्याल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल असार २८ रोज १ शुभम् ।

**७.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. WO-११८९, उत्प्रेषण समेत, *लीलाप्रसाद उप्रेती वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय समेत*

नोकरी टुटी मुद्दा जिती पुनर्वहाली भएकोमा निजको टुटेको अवधिको तलबभत्ता एकमुष्ट प्राप्त गरेकोलाई एकमुष्ट रकमलाई कर निर्धारण गर्ने पछिल्लो वर्षको आय मान्न नमिल्ने ।

पारिश्रमिक आयलाई प्रत्येक वर्षको एकमुष्ट रकम एक वर्षको आय मानेपछि निवेदक जस्ता करदातालाई करको भार बढ्न जाने र सरकार Unjust enrich हुन पुग्ने ।
इजलास अधिकृत : हरिहर पौड्याल
कम्प्युटर : सीता गुरुङ्ग
इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको रिट नं. WO-०१०६, उत्प्रेषण समेत, *कन्तलाल चौधरी वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**८.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको फौ.पु.नं.०६३-CR-०४१४, जवर्जस्ती करणी, *नेपाल सरकार वि. बद्री मण्डल धानुक*

पीडितको किटानी जाहेरी र अदालतसमक्षको बकपत्र, पीडितको शारीरिक र स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रत्यक्षदर्शी भरोसी राउत समेतको मौकाको कागज र अदालतसमक्षको बकपत्र विरुवा मडारिएको भन्ने घट्नास्थल प्रकृति मुचल्कासमेतका कागज प्रमाणहरूबाट प्र.बद्री मण्डल समेत भै पीडित रामराजी देवीलाई जवर्जस्ती करणी गरेको अभियोग दावी पुष्टि हुने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल भदौ १ रोज २ शुभम् ।

**९.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अबधेशकुमार यादव,** २०६२ सालको रिट नं. २६३९, उत्प्रेषण, *छत्रराज उप्रेती समेत वि. शिक्षक सेवा आयोग सानोठिमी भक्तपुर समेत*

शिक्षक पद लियन राखी स्रोत व्यक्तिको रुपमा काम गरिरहेका शिक्षक वा कुनै एक तहमा स्थायी भई उक्त पद लियन राखी अर्को तहमा कार्यरत् अस्थायी शिक्षकलाई समेत खुल्ला गरिएको भन्ने शिक्षा मन्त्रालयको निर्णयबाट देखिन्छ । शिक्षक एवं नेपाल राज्यभरको शिक्षा प्रशासन गर्ने एवं नीति बनाउने संबद्ध मन्त्रालय जस्तो निकाय शिक्षा तथा खेलकुद मन्त्रालयको उक्त पत्रलाई सो सम्बन्धमा व्याख्यामा सहायक अर्थात Aid to interpretation मा Intrinsic Aid को रुपमा लिनुपर्ने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल असार ९ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं. WO-०५६५, उत्प्रेषण, *छत्रराज उप्रेती समेत वि. शिक्षक सेवा आयोग समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१०.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अबधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO ०६३५, परमादेश समेत, *सुमीत्रा हाडा वि. लोकसेवा आयोग कमलपोखरी समेत*

माननीय न्यायाधीश श्री बलराम के.सीको राय

निवेदकको सेवा अवधि र शैक्षिक योग्यताको अभिलेख विपक्षीकै कार्यालयमा रहने

हुँदा जाँची निवेदकलाई समेत बढुवा गर्नु भनी परमादेश जारी हुने ।

माननीय न्यायाधीश श्री अवधेशकुमार यादवको राय

निवृत्तभरणको लागि अस्थायी सेवा अवधि जोडिएको मान्यता प्रदान गरिएको पाइन्छ भने बढुवाको लागि अस्थायी सेवा अवधिलाई स्थायी सेवा अवधिमा गाभी जोडी नदिएकोलाई अमान्य बदर घोषित गरिएको देखिँदैन । त्यसैले कुनै कानूनी व्यवस्था वा सिद्धान्तले निवेदिकाको बढुवा पाउने हक हनन् भएको नदेखिँदा सहयोगी माननीय न्यायाधीशसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली २०४९ को ३(१)(क) अनुसार पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

**१२.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०१२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नीबन राई,* २०६४ सालको फौ.पु.नं. ०५४९, *नीबन राई वि. नेपाल सरकार*

वादविवाद लामो समयसम्म भएको वादविवाद पछि २ घण्टा दुवै पक्ष हिड्दै गएको भन्ने देखिन्छ । झगडा मुढा र ढुङ्गाबाट शुरु हुन्छ । मुढा र ढुङ्गाले मृतकको टाउकोमा प्रहार भएको भन्ने देखिन्छ । त्यतिले नपुगी अचेत अवस्थामा पुगेका मृतकलाई पुनरावेदकले फलामे रड समेत खोजी ल्याई हानी मारेको अपराधलाई तत्काल उठेको रीस थाम्न नसकी मारेको भनी Provocational Murder मान्न नमिल्ने भै ज्यान सम्बन्धी महलको १४ नं. भित्र नपर्ने ।

इजलास अधिकृत : हरिहर पौड्याल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल जेठ १३ रोज ४ शुभम् ।

**१३.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं.०६४-WO-००५९, उत्प्रेषण समेत, *दीपा शाह समेत वि. वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान समेत*

निवेदिका सन् २००७ को एम.वी.वी.एस. कार्यक्रमका लागि परीक्षामा सामेल भै परीक्षा उत्तीर्ण गरेका कारण Under Partially Subsidized Tuitionee Scheme अन्तर्गत भर्ना भएकी भन्ने देखिन्छ । विपक्षीको जिकीर र भनाई निवेदिकाले Partially Subsidized Tuitionee Scheme मा सहभागी भएकोले आफ्नो अधिकार गुमाई सकेको हुँदा रिट जारी हुनुपर्ने होइन भन्न खोजेको देखिन्छ । भर्ना हुँदा कबुलियत गरेकै आधारमा निवेदिका विवन्धित हुने हुन् कि भन्नलाई विपक्षी प्रतिष्ठानको निर्णयमा स्वेच्छाचारिता देखिएको र समानतासम्बन्धी निवेदिकाको संविधान एवं कानून प्रदत्त हकमा असर पर्न गएकोले त्यस्तो निर्णय कानूनबमोजिम भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल भदौ ८ रोज २ शुभम् ।

**१४.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको साधक नं. RC-०५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सरिता मजाकोटी*

साविती वयानमा उल्लेख भएको घाँटीमा दावेको भन्ने कथनसँग मेल खाने गरी मृतकको घाँटीमा निलडाम देखिनु तथा लाशलाई फर्सी काँक्राको झ्याङ मुनी रोखेको भन्ने प्रतिवादीको साविती बयानसँग मेल खाने गरी फर्सी, काँक्राको झ्याङ मुनी लाश भेटिनु समेतका तथ्यहरूबाट प्रतिवादी सरिता मजाकोटीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको साविती वयान समर्थित भएको देखिन्छ । यसरी घटना संृखलाको तथ्य र प्रतिवादी सरिता मजाकोटीको अधिकार प्राप्त अधिकारी तथा अदालतसमक्षको साविती

वयान एकापसमा मिल्न गएको देखिँदा निजको साविती वयानलाई अन्यथा भन्न नपर्ने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

**१५.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको साधक नं. RC-०४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हर्कबहादुर वि.क.*

मृतक डम्बरबहादुर राईको लाश जाँच प्रकृति मुचुल्का र पोष्ट मार्टम रिपोर्टको आधारमा निजको मृत्यु कर्तव्यबाट भएको देखिनु, वारदातको घटना प्रतिवादी लामकाँधेको घरमा हुनु, मृतक र प्रतिवादी लामकाँधेबीच कुलो पानीको विषयमा विवाद हुनु जस्ता ठोस प्रमाण र तथ्यको सृंखला ( Chain of evidence andact ) एकआपसमा मिल्नु र जाहेरवाला सुस्मीता राईले अदालतमा उपस्थित भई प्रतिवादी लामकाँधेले मृतक डम्बरबहादुरलाई कर्तव्य गरी मारेको हो भनी गवाही दिनु समेतबाट यी प्रतिवादी लामकाँधे भन्ने हर्कबहादुर वि.क. ले मृतक डम्बरबहादुर लाई कर्तव्य गरी मारेको तथ्य प्रमाणित हुने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

**१६.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको साधक नं. RC ०५६, कर्तव्यज्यान जवर्जस्ती चोरी, *नेपाल सरकार वि. लखन सहनी समेत*

अपराध भएकोमा सजाय हुन्छ भनी परिणाम समेत सम्झाई बुझाई स्वतन्त्र अदालतबाट सोधनी गरिएकोमा आफू समेत संलग्न भै अपराध भएको भनी लेखिएको देखिन्छ । त्यस्तै निजले अदालतमा बयान गर्दा आफू सावित भई छनु सहनी र लखन सहनीलाई अनावश्यक रुपमा फसाउन पोल गरेको भन्ने पनि कहिँ कतैबाट देखिँदैन, न त त्यसतर्फ छनु सहनी र लखन सहनीले कुनै शंका उठाउन सकेको नै देखिन्छ । यस्तो अवस्थामा निजले अदालतमा स्वतन्त्रपूर्वक स्वेच्छाले दिएको वयानलाई प्रमाण ऐन, २०३१ को दफा ४(१) (क) अनुसार अदालतले प्रमाणमा लिन मिल्ने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : सुदिप पंञ्जानी
इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

**१७.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको साधक नं. RC ०५४, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. बुद्धि परियार*

प्रतिवादीले कानूनको वर्खिलाप हुने कार्य गरे तापनि निज पेशेवार अपराधी भएको भन्ने नदेखिएको, निजले कुनै स्वार्थ वा पूर्व रिसईवीबाट प्रेरित भएर आफ्नो कुनै उद्देश्य वा योजना पूरा गर्न मृतकको हत्या गरेको भन्ने पनि नदेखिएको र आरोपित कसूरमा सावित भई न्याय निरोपण कार्यमा सहयोग पुऱ्याएको समेतका अवस्थाबाट निजलाई सुध्रने मौका दिई समाजमा पुनस्थापित हुने मौका दिन उचित देखिएको र निजको आश्रित परिवारको आर्थिक, सामाजिक उत्थानको लागि पनि निज बुद्धि परियारलाई लामो कारावासमा राख्न उपयुक्त नदेखिएको हुँदा निजलाई १०(दश) वर्ष मात्र कैदको सजाय हुने भनी अ.वं.१८८ नं. बमोजिम स्वविवेकीय अधिकार प्रयोग गरी व्यक्त गरिएको राय सदर हुने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : सुदिप पंञ्जानी
इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

**१८.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको फौ.पु.नं. ३४००, कर्तव्य ज्यान, *नेपाल सरकार वि.गगनदेव यादव समेत,* २०६३ सालको फौ.पु.नं. CR ०१८७, *उमेश यादव वि. नेपाल सरकार*

एउटै ओछ्यान Share गर्ने पत्नीलाई आफ्नो पत्नी कसरी मरिन् भन्ने यतिका वर्षसम्म थाहा नहुने प्रश्नै आउँदैन । सामान्य कालगतिले मरेको भए वरपर छिमेकी नातागोता समेत जम्मा भै धार्मिक विधिअनुरूप सद्गत काजकिरिया हुनुपर्नेमा सो समेत भए गरेको नदेखिए नभएबाट र मृतकमा भएको शरीरका विभिन्न भागमा भएको घाउ र मृत्युको कारण हेर्दा मृतकको पतिलाई निर्दोष मान्न नसकिने ।

इजलास अधिकृत : हरिहर पौडेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल जेठ १३ रोज ४ शुभम् ।

**१९.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको स.अ.फौ.पु.नं. ३६५१, भ्रष्टाचार, *ऋषिराम शर्मा वि. नेपाल सरकार*

शैक्षिक योग्यताको स्तर निर्धारण गर्ने उच्च माध्यमिक शिक्षा परिषद् (साधिकार निकाय) लाई भारतको सम्बन्धित विद्यालय/संस्था ले उपलब्ध गराएको आधिकारिक निकायको आधिकारिक जवाफ के र कति कारणले साचो भएन त्यसतर्फ केही जिकीर नगरी निवेदकले व्यक्तिगत प्रयासमा पेश गरेको नक्कली वा अनधिकृत र अविश्वासनीय पत्रलाई आधार लिन नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६५ साल चैत २८ गते रोज ६ शुभम् ।

**२०.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको फौ.पु.नं. ३८३९, भ्रष्टाचार, *लयप्रसाद खत्री वि. नेपाल सरकार*

शैक्षिक योग्यताको प्रमाणपत्र दिने भनिएको संस्थाबाटै निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली हो भनी लेखिआएको र यस अदालतबाट त्यसरी पेश गर्ने कार्यलाई आपराधिक कार्य मानिने भनी सिद्धान्त समेत प्रतिपादन भैरहेको अवस्था हुँदा प्रतिवादी लयप्रसाद खत्रीलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिम कसूर गरेको ठहऱ्याई सोही ऐनको दफा १२ र २९ (२) बमोजिम ३,५००।- (तीन हजार पाँच सय) जरीवाना हुने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको फौ.पु.नं. ३२३१, भ्रष्टाचार, *देवेन्द्रराज कंडेल वि. नेपाल सरकार*
- २०६० सालको फौ.पु.नं. ३१२३, भ्रष्टाचार, *फत्यबहादुर बटुवा वि. नेपाल सरकार*
- २०६० सालको फौ.पु.नं. ३५८६, भ्रष्टाचार, *चन्द्रबहादुर कार्की वि. नेपाल सरकार*

**२१.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. WO-०४३९, उत्प्रेषणयुक्त परमादेश समेत, *श्यामबहादुर खड्का वि. मीनबहादुर खड्का समेत*

तह-तहका फैसलाबमोजिम आफूले अंश पाएको जग्गाकै वण्डा मुचुल्काभित्र परेको भन्ने कुरामा विवाद देखिन आएन । त्यसरी कानूनबमोजिम खडा भएको वण्डा मुचुल्कालाई कानूनको म्यादभित्र बदर नगरी यथास्थिति रहेको अवस्थामा हाल आई सो मुचुल्कामा हेरफेर गर्ने अन्य कित्ता समावेश गरिपाऊँ भन्नु नै वण्डा मुचुल्कामा परिवर्तन गर्नु हो । जुनसुकैवेला त्यसरी वण्डा मुचुल्कालाई परिवर्तन गर्न नमिल्ने ।

इजलास अधिकृत : हरिहर पौड्याल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

**२२.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.३४३६, उत्प्रेषण, *हिरामाया तोलाङ्गे वि. गम्वीर तोलाङ्गे सार्की समेत*

रीतपूर्वक पुनः पठाएको म्याद तामेल भै आएको तर प्रतिवादीहरूले म्यादभित्र प्रतिउत्तरपत्र नजोडेको कारण वादीले प्रस्तुत गरेको सम्पत्ति विवरण (तायदाती) को आधारमा कानूनबमोजिम पाउने पाँच भागको एक भाग अंश प्रतिवादीहरूबाट वादीले भरी पाउने ठहर गरी फैसला भएको देखिन आउँछ । रीतपूर्वक तामेल भएको म्यादको आधारमा भएको शुरु फैसलाले रिट निवेदिकाको संविधान तथा कानूनद्वारा प्रदत्त हकमा हनन् भएको नदेखिने ।

इजलास अधिकृत : हरिहर पौड्याल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल जेठ १४ गते रोज ५ शुभम् ।

**२३.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. WO-१०९२, उत्प्रेषण परमदेश समेत, *राम एकवाल राउत वि. प्रहरी प्रधान कार्यालय काठमाडौं समेत*

जिम्मेवार प्रहरी कर्मचारीले वारदात गरेको आपराधिक वस्तु आफूले खान पचाउन वरामद भएको सामान केही आफूसँग राख्नु यो जघन्य अपराध हो । यस्तो आचरण विपरीत काम गर्ने निवेदकलाई सँगठनमा बस्ने अधिकार नहुने ।

निवेदकलाई कानूनमा तोकिएको व्यक्तिबाट स्पष्टीकरण मागी तोकिएकै व्यक्तिबाट सजाय गर्ने निर्णय गरेको र त्यसउपर निवेदकले पुनरावेदन गरी पुनरावेदनबाट समेत सदर भएको हुँदा निवेदकलाई मनोमानी वर्खास्त गरेको देखिएन । कानूनी प्रक्रियाअनुसार कारवाही र सजाय भएको हुँदा कारवाही त्रुटिपूर्ण नभएको र कानूनबमोजिम भएको कारवाहीबाट मौलिक हक हनन् नहुने ।

इजलास अधिकृत : हरिहर पौड्याल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको रिट नं. WO-००३८, उत्प्रेषण समेत, *अमेरेन्द्र राय यादव वि. जिल्ला प्रहरी कार्यालय पर्सा वीरगंज समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**२४.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३२११, उत्प्रेषण समेत, *दिलशोभा गुरुङ्ग वि. भूगोल शेरचन समेत*

कानूनबमोजिम रीतपूर्वक तामेल भएको म्यादको आधारमा अन्तिम भएर रहेको फैसलालाई असर पर्ने गरी तामेली म्याद बदर गर्न नमिल्ने ।

यी निवेदक र विपक्षी बीच का.जि.अ.मा करकाप मुद्दा चलेको भन्ने देखिन्छ । तर के कस्तो करकापको कागज गराएको हो सो रिटबाट हेर्ने विषय नभै सबुद प्रमाणको आधारमा शुरु अधिकारक्षेत्र ग्रहण गरी जिल्ला अदालतले हेर्ने विषय भएकोले निवेदक र विपक्षीबीच चलेको लेनदेन मुद्दामा विवादित रु तीस लाखको तमसुकी कागज करकापबाट भएको हो होइन जिल्ला अदालतबाट सुबद प्रमाण बुझी हेर्ने नै हुँदा प्रस्तुत रिटक्षेत्रबाट बोल्न नमिल्ने ।

इजलास अधिकृत : हरिहर पौड्याल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल जेठ १४ रोज  शुभम् ।

## इजलास नं. ५

**१.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको रिट नं. ३२५०, उत्प्रेषण परमादेश, *श्यामादेवी वैश्य वि. असर्फी यादव समेत*

निवेदकलाई नबुझी सुनुवाईको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी गरेको मालपोत कार्यालय सप्तरीको स्रेस्ता पूर्जा बदर गर्ने निर्णय र नापीको पत्रानुसार नक्सा संशोधन गर्ने टिप्पणी आदेश समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
इति संवत् २०६६ साल जेठ १७ रोज १ शुभम् ।

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं. ३२२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामआशिष साह समेत,* २०६४ सालको साधक नं. ०२६, *नेपाल सरकार वि. महेश साह*

जाहेरी दर्खास्त प्रतिवादी महेश साहको अधिकार प्राप्त अधिकारीसमक्षको बयान, मृतकसँग यी प्रतिवादी रामअशिष साहको पानीको विषयमा विवाद भै झगडा भएको विवादरहित तथ्य वारदात भएको देख्ने प्रत्यक्षदर्शीहरूको अभिव्यक्तिसमेतबाट यी प्रतिवादी रामअशिष साहले अभियोग माग दावीबमोजिम मार्न बचन दिएको प्रमाणित भैरहेको अवस्थामा निजको हकमा शुरु जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग माग दावीबमोजिम सजाय हुने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल साउन २६ रोज २ शुभम् ।

३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ७७८७, जग्गा खिचोला हक कायम, *तारा राउत समेत वि. कमलकुमारी आचार्य*

अदालतबाट भई आएको नक्सामा बाटो देखिएकोमा सो बाटोको सम्बन्धमा वादीले नक्सा हुँदा समेत कुनै जिरह लेखाउन नसकेको तथा सो बाटो वादी प्रतिवादीकै जग्गाबाट बनेको भन्ने देखिने । फिरादीले आफ्नो कि.नं. ४२४ को जग्गा हक हस्तान्तरण गरी सकेको देखिएको र हक हस्तान्तरण गरी सकेको जग्गाको हक हस्तान्तरण गर्दा केही जग्गा राखेको भन्ने सम्बन्धमा प्रमाण भएको अवस्था समेत देखिएको छैन । यसरी अदालतबाट भै आएको नक्सा कुण्डलीबाट विवादित न.नं. १ को जग्गा प्रतिवादीको कायमी कि.नं. ४२३ को भन्ने अवस्था देखिन आउने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल जेठ १२ रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको साधक नं. ०३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुलिन्द्र यादव समेत*

लाश प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदनबाट मृतक धोगन यादवको मृत्यु कर्तव्यबाट भएको पुष्टि भएको, जाहेरवालीको किटानी जाहेरी एवं बकपत्र तथा प्रत्यक्षदर्शीको रुपमा रहेका व्यक्तिहरूको बकपत्र समेतबाट प्रतिवादी सुलेन्द्र भन्ने सुलिन्द्र यादव, प्र. अरविन्दर भन्ने अमरेन्द्र यादव, अशोक यादव र रामविलास यादवउपरको अभियोग दावी पुष्टि भैरहेको अवस्थामा निजहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल साउन ३० रोज ६ शुभम् ।

५.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८६४४, लिखत दर्ता बदर दर्ता, *सीतल गोइत यादव वि. पतासीदेवी गोइत*

लिखत भएको एक वर्षभित्र थाहा पाउनु पर्ने र थाहा पाएको मितिबाट ३५ दिनभित्र नालेस गर्नुपर्ने लेनदेन व्यवहारको १० नं. को व्यवस्था भएकोमा त्यस्तो अवस्था प्रस्तुत मुद्दामा नदेखिएको र लिखत भएको एक वर्षपछि मात्र थाहा पाएको व्यहोरा फिराद लेखमा नै उल्लेख भै फिराद दायर भएको देखिँदा त्यस्तोलाई हदम्यादको भन्न नमिल्ने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल भदौ १ रोज २ शुभम् ।

६.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं. ९५९२, ९५९३, हक कायम जग्गा खिचोला दर्ता बदर दर्ता कायम, *लक्ष्मी शर्मा बडही वि. रामधारी यादव*

*समेत, जगदीश यादव समेत वि. लक्ष्मी शर्मा बडही*

जसबाट अपुताली परेको हो भनी दावी लिइएको छ सो विवादित जग्गा उसैको नाममा दर्ता भइसकेको अवस्था छैन । यी वादीहरूको हैसियत पोलाई महतमानको अपुताली खाने भतिजाहरू भएको अवस्था देखिएको र त्यस्तोमा अपुतालीमा दावी गर्नेले मुलुकी ऐन अपुतालीको २० नं.बमोजिम अपुताली परेको तीन वर्षभित्र नालेस दिनुपर्ने र सो हदम्यादभित्र नालेस नदिए दावी लाग्न सक्ने व्यवस्था नभएबाट यी वादीहरूको फिराद हदम्यादभित्रको नदेखिने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार १ रोज २ शुभम् ।

**७.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ८४३६, *केदारनाथ पौडेल समेत वि. मेघनाथ पौडेल समेत*

यस अदालतमा पुनरावेदन परी विचाराधीन भएको अवस्थामा अविवाहित मध्येकी दुर्गा पौडेलको समेत विवाह भै सकेको प्रमाणसहित पुरक निवेदन यस अदालतमा परेको र छलफलको क्रममा प्रत्यर्थी प्रतिवादीले समेत सो कुरा स्वीकार गरेको अवस्था हुँदा यी पुनरावेदक वादीहरूले यस अदालतमा पुनरावेदन गर्दा मुख्य रुपमा अविवाहित छोरीको विवाह खर्च पर सार्न नपर्ने भनी लिएको जिकीरका सम्बन्धमा अब विचार गरिरहनु नपर्ने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार ३ रोज ४ शुभम् ।

**८.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०२७२, उत्प्रेषण परमादेश, *हिममाया भुजेल वि. मालपोत कार्यालय धनकुटा समेत*

भूमि सम्बन्धी ऐनले निर्दिष्ट गरेको कार्यविधिको अवलम्बन नगरी मनोगत रुपमा जग्गाधनीलाई बुझ्दै नबुझी नक्सा सर्जमिन समेत नगरी नरमकरम समेत नमिलाई एउटा कित्ता जग्गा एक पक्ष र अर्को कित्ता जग्गा अर्को पक्षका नाउँमा कायम हुने गरी गरेको मालपोत कार्यालय धनकुटाको बाँडफाँडको निर्णय कानूनबमोजिम भए गरेको भन्न सकिने अवस्था नरहने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल जेठ २१ रोज ५ शुभम् ।

## इजलास नं. ६

**१.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. ०६५६, उत्प्रेषणयुक्त परमादेश, *धनबहादुर थापा वि. स्थानीय विकास मन्त्रालय पुल्चोक ललितपुर समेत*

लेखापाल पदको लागि चाहिने तोकिएको न्यूनतम् शैक्षिक योग्यता भएको र दरखास्त फाराम भरी लिखित परीक्षामा समावेश भई उत्तीर्ण भएका सफल योग्य उम्मेद्वारहरूको अन्तर्वार्ता लिई ती मध्ये ज्ञान, सीप भएको दक्ष र अतियोग्य उम्मेदवार छनौट गरी सिफारिश गरेको र सो सिफारिशको आधारमा नियक्तिसमेत दिई पाइसकेको अवस्था देखिँदा अन्तर्वार्तामा अनियमितता भएको भनी दिएको प्रस्तुत रिट निवेदनमा उत्प्रेषण र परमादेशको आदेश जारी हुनुपर्ने कुनै औचित्य र अवस्था विद्यमान रहेको नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार २८ रोज १ शुभम् ।

**२.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ८२६५, अंश दर्ता, *विलट साह समेत वि. शत्रुघन साह*

नेपाल कानूनले अंश हकलाई एक नैसर्गिक अधिकारको रुपमा ग्रहण गरेकाले रीतपूर्वकको अंशबण्डाको लिखतको अभावमा अंशियाराहरूले अंश हक प्राप्त गरेको भनी अदालतले निरोपण गर्न पनि नसक्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ असार २४ गते रोज ४ शुभम् ।

**३.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०६४-CR-०५१५, ०६४-CI-०७३२, जालसाजी, *फत्यमञ्जरी देवी सत्याल समेत वि. रोहिणीराज सत्याल समेत, रोहिणीराज सत्याल समेत वि. फत्यमञ्जरी देवी सत्याल समेत*

पुनरावेदन सुन्ने अदालतले मुद्दाको गाम्भीर्यता, प्रमाण बुझ्ने र मूल्याङ्कन गर्ने सुविधा, मुद्दाको कारवाहीको क्रममा मुद्दाका पक्षहरूको सहज पहुँच समेतको विचार गरी शुरु निर्णय बदर गरी सबै प्रक्रिया पूरा गरी पुन: निर्णय गर्न पठाउने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार ८ गते रोज २ शुभम् ।
यसै लगाउको निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको दे.पु.नं. ०६४-CI-०६६४, ०६४-CI-०९३८, लिखत दर्ता बदर समेत, *फत्यमञ्जरी देवी सत्याल समेत वि.रोहिणीराज सत्याल समेत, रोहिणीराज सत्याल समेत वि. फत्यमञ्जरी देवी सत्याल समेत*
- २०६४ सालको दे.पु.नं. ०६४-CI-०६६५, ०६४-CI-०९३९, *फत्यमञ्जरी देवी सत्याल समेत वि.रोहिणीराज सत्याल समेत, रोहिणीराज सत्याल समेत वि. फत्यमञ्जरी देवी सत्याल समेत*

**४.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको फौ.पु.नं. ३१८०, ३३०६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हिराकुमार सुनुवार समेत, दुर्वासा सुनुवार वि. नेपाल सरकार*

मृतकलाई धारिलो वा जोखिमी हतियारको प्रयोग भै सो चोट पटकको कारणले मृत्यु भएको भन्ने नदेखिई प्रस्तुत वारदात मनसायपूर्वक धारिलो वा घातक हतियारको प्रयोग भै घटेको नभै Accidental रुपमा घटेको देखिँदा नेपाल सरकारको पुनरावेदन जिकीर एवं अभियोग माग दावीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित भै सो बमोजिमको कसूर स्थापित गरी प्रतिवादीहरूलाई सजाय गर्न न्यायोचित देखिन नआउने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

**५.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको फौ.विविध नं. १२७, अदालतको अपहेलना, *प्रकाशमणि शर्मा समेत वि. गिरीजाप्रसाद कोइराला*

न्यायालय कसैबाट निर्देशित नहोस् भन्ने अभिप्रायबाट व्यक्त गरिएको र उक्त अभिव्यक्ति अदालतको अवहेलना गर्ने मनसायबाट अभिप्रेरित भएर दिएको होइन भनी लिखित जवाफ व्यहोरामा उल्लेख गरेका हुँदा विपक्षीले तत्कालीन परिस्थितिलाई इंगित गरी उक्त अभिव्यक्तिको एक मात्र उद्देश्य अदालत सवल, सक्षम तथा तत्कालीन सत्ताद्वारा निर्देशित नभै स्वतन्त्रताको कसीमा पथप्रदर्शक मार्ग अनुशरण गर्न सकोस् भन्ने भावनाबाट उत्प्रेरित भई अभिव्यक्त विचारको नकारात्मक व्याख्या गरी सजाय गर्न पर्ने भन्ने निवेदन जिकीरसँग अदालत सन्तुष्ट हुनुपर्ने आधार र कारण नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

**६.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं.०२०४, लेनदेन, *असिया देवी थरुनी वि. प्रेम दास थारु*

लिखत खडा गरी ऋणीले आफ्नो छोरा र ज्वाई समेतको रोहवरमा लिखतमा निजहरू समेतलाई साक्षी राखी लेनदेन कारोवार गरेको मिति २०५८।८।१२ को लिखत लिफामा गराएको भन्ने तथ्ययुक्त र भरपर्दो ठोस सबुद प्रमाण पुनरावेदक प्रतिवादीले पेश गर्न नसकेको अवस्था र लिखतमा परेको सहिछाप समेतलाई ऋणी तथा अन्तर्साक्षी समेतले स्वीकार गरिसकेको अवस्था समेत देखिँदा त्यस्तो लिखत विशेषज्ञद्वारा जाँच गराई रहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६४ सालको दु.फौ.नं. ०१७४, *असिया देवी थरुनी वि. प्रेम दास थारु समेत* भएको कीर्ते जालसाजी मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**७.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०५७८, ०५७९, अंश, *अलनसरी राजवंशी वि. राधेश्याम राजवंशी, राधेश्याम राजवंशी वि. अलनसरी राजवंशी*

मुलुकी ऐन अंशबण्डाको २० नं. मा चल अचल धन र ऋणसमेत गैरश्रीसम्पत्ति फाँट लिई बण्डा गरी दिनुपर्ने कानूनी व्यवस्था रहेकोमा सो ऋणसमेत बण्डा गरी दिनुपर्ने र चलनतर्फ बोल्नु पर्नेमा सो बोलेको नहुँदा कृषि विकास बैंकको ऋणको हकमा २ भाग लगाई १ भाग वादीले दायित्व व्यहोर्नु पर्ने र १ भाग प्रतिवादीले व्यहोर्नु पर्ने गरी कि.नं. ३५८ र कि.नं. ७१० को जग्गा वण्डा छुटयाई चलन चलाई दिने गरी ठहर फैसला गर्नुपर्नेमा सोअनुरूप भएको नहुँदा शुरु जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहराएको र अरु इन्साफमा वादी प्रतिवादी बीच पेश भएको तायदाती फाँटकारी अनुरूप २ भागमा १ भाग वादीले अंश पाउने ठहर गरेको फैसला सदर हुने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १० रोज ४ शुभम् ।

**८.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको दे.पु.नं. ८८०४, जग्गा दर्ता, *सन्तकुमार वाडे वि. चन्द्रबहादुर वाडे*

विवादित जग्गाको दर्ता सम्बन्धमा हक बेहकको प्रश्न उपस्थित भएपछि मालपोत ऐन, २०३४ को दफा ७ ले मालपोत कार्यालयले आफूले निर्णय गर्न नपाउने विषयमा हक बेहकमा निर्णय गराई ल्याउन अदालत जानु भनी सुनाउनु पर्ने उक्त कानूनी प्रावधानको विपरीत गई भएको मालपोत कार्यालयको निर्णय कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार २ रोज  शुभम् ।

**९.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको दे.पु.नं. ८६३६, ८६२५, अंश दर्ता, *गेनालाल यादव समेत वि. नथरी देवी यादवनी, एकावती यादव वि. नथरी देवी यादवनी*

प्रतिवादीहरूले मिति २०३४।९।२७ पछि निजी तवरले बकस पाएका जग्गाहरू प्रतिवादी एकावती यादवले पाएको कि.नं. ३५७, प्रतिवादी वैजनाथ यादवले पाएको कि.नं. १९८ र १९९ प्रतिवादी गेनालाल यादवले प्राप्त गरेको कि.नं. ३५८, प्रतिवादी पन्नालाल यादवले प्राप्त गरेको सप्तरी जिल्ला काचन गा.वि.स. वडा नं. १ को कि.नं. १९८ र प्रतिवादी राजकुमार यादवले प्राप्त गरेको कि.नं.३७७ समेतका ६ कित्ता जग्गाहरू मुलुकी ऐन अंशबण्डाको महलको १८ नं. समेतले

निजहरूको हकको देखिन आउँदा र बण्डा गर्न कर नलाग्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल जेठ २० रोज ४ शुभम् ।

**१०.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ७८७२, निषेधाज्ञा, *देवदत्त गुणी वि. गणेशमाया माकजु श्रेष्ठ*

निवेदकको जग्गाले विपक्षीको जग्गालाई नछोएको अवस्थामा प्रत्यर्थीले आफ्नो जग्गामा गरेको कुनै पनि निर्माण कार्यले निवेदकको नागरिक अधिकारमा हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल वैशाख ३१ रोज ५ शुभम् ।

**११.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको रिट नं. ८२९, उत्प्रेषण, *भोजराज न्यौपाने वि. प्रहरी प्रधान कार्यालय समेत*

निवेदकलाई सम्बन्धित घर ठेगानामा खोजतलास गर्दा फेला नपरेको भन्ने आधार लिई प्रहरी ऐन, २०१२ को दफा १० तथा प्रहरी नियमावली, २०४९ को नियम ८९ (२) समेतद्वारा निर्दिष्ट सफाईको मौका समेत प्रदान नगरी सेवाबाट अवकाश दिने गरी विपक्षीहरूबाट भएको अवकाश सम्बन्धी काम कारवाही त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल साउन १९ रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. ०६२१, उत्प्रेषण, *भोजराज न्यौपाने वि. प्रहरी प्रधान कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१२.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०६३-CI-१२२९, हक निखनाई पाऊँ, *नारायणप्रसाद रेग्मी वि. रणमाया लिम्बु*

सन्धीसर्पन पर्ने नपर्ने कुरा बुझेर निर्णय गर्नुपर्ने विषयमा सबुद प्रमाण बुझी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई भएको नदेखिएको अवस्थामा सो मालपोत कार्यालय को निर्णय रजिष्ट्रेशनको ३५(२) नं. ले. बदर गरी सोही नम्बर अनुसार ३५ दिनभित्र अदालतमा जानु भनी वादीलाई सुनाई दिनुपर्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : मिनु शाही

इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शुभम् ।

**१३.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ५७५, रैकर लगत कट्टा गुठी कायम समेत, *विकुबहादुर श्रेष्ठ वि. कृष्णलाल तमिदेवा श्रेष्ठ समेत*

गुठी संस्थान ऐन, २०३३ को दफा ५५ ले जानी-जानी गुठीको जग्गा रैकरमा परिणत गराई दिने व्यक्तिलाई जरीवाना हुने कानूनी व्यवस्था गरेकाले पुनरावेदकले मालपोत कार्यालयबाट आफ्नो नाउँमा गुठी जग्गालाई रैकरमा परिणत गराएको पुष्टि भै रहेको परिप्रेक्ष्यमा उल्लिखित गुठी संस्थान ऐनको कानूनी व्यवस्थाअनुरूप जरीवाना हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ असार २१ गते रोज १ शुभम् ।

**१४.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ५७४, रजिष्ट्रेशन बदर, *बीरबहादुर मल्ल वि. डोलकुमारी शाही*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) मा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा मात्र यस अदालतमा पुनरावेदन लाग्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ असार २१ गते रोज १ शुभम् ।

**१५.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ९४१४, ९४१७, अंश दर्ता, *दिनानाथप्रसाद साह वि. विश्वनाथप्रसाद साह तेली समेत, जयनाथप्रसाद साह तेली वि. दिनानाथप्रसाद साह तेली समेत*

अंशियारमध्ये कुनै एकलाई मात्र अंशियारले नै बकसपत्र गरिदिएको पैत्रिक सम्पत्तिमा त्यस्तो बकसपत्र पाउने एक अंशियारको एकलौटी हुने नभई सबै अंशियार सो सम्पत्तिमा समान हिस्साको भागीदार हुने । त्यस्तो पैत्रिक सम्पत्ति अंशियारहरूमध्ये जो सुकैका नाममा रहे भए पनि वा लिखत गरिदिए लिए पनि सबैको हकमा बण्डा लाग्ने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको २०५९ सालको दे.पु.नं. ९४१५, ९४१६, अंश दर्ता, *दिनानाथप्रसाद साह वि. विश्वनाथप्रसाद साह तेली, जयनाथप्रसाद साह तेली वि. विश्वनाथप्रसाद साह तेली* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१६.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८१०१, बण्डा मुचुल्का चलन पूर्जी बदर दर्ता, *हरिवंश झा मैथिल ब्राम्हण वि. शिवचन्द्र झा समेत*

प्रतिवादीहरूबीच अंश मुद्दा पर्नुपूर्व नै विवादित साविक कि.नं. १४८ कित्ताकाट भै कि.नं. १९२ र १९३ कायम भई यी पुनरावेदक वादीका नाममा कि.नं. १९२ कायम भएको देखिएको अवस्थामा पछि परेको अंश मुद्दामा उक्त साबिक कि.नं. १४८ समेत बण्डा लाग्ने भनी फैसला भई बण्डासमेत छुट्याई बण्डा मुचुल्का खडा गर्ने गरी भएको कार्य कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार २९ रोज २ शुभम् ।

**१७.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९२९८, ९६६०, परमादेश, *जिल्ला विकास समितिको कार्यालय कपिलबस्तु वि.गजेहडा गा.वि.स. कार्यालय कपिलवस्तु, बाणगंगा नमूना गाउँ विकास समितिको कार्यालय कपिलवस्तु वि. गजेहडा गा.वि.स. कार्यालय कपिलवस्तु*

उपलब्ध प्राकृतिक स्रोत र साधनबाट आर्जित रकमको उपभोग गजेहडा गा.वि.स. लगायतमा अन्य सम्बन्धित छिमेकी गा.वि.स.हरू सबैले समानताको आधारमा पाउनु पर्ने र स्थानीय निकायको प्रमुख संस्था जिल्ला विकास समितिले पारदर्शीता र औचित्यताको आधारमा रकम वितरण गर्नुपर्नेमा सोअनुरूप भए गरेको नपाइदा सो प्राकृतिक स्रोत र साधनबाट उपलब्ध हुन आउने रकम समीपवर्ती गजेहडा गा.वि.स.ले. समेत विपक्षिमध्येका वाणगंगा र अन्य गा.वि.स. सरह स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा रहेको प्रावधानको मनसायअनुरूप समुचित र समन्यायिक रुपबाट पाउनु पर्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

**१८.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको स.फौ.पु.नं. ३३३४, ३२८६, अवैध वन पैदावर जडिबुटी ओसारपसार, *नेपाल सरकार वि. पदमबहादुर बम समेत, नरेन्द्रबहादुर बम समेत वि. नेपाल सरकार*

संकलन गरेका वन पैदावारहरू कानूनबमोजिम र तोकिएको हदम्यादभित्र नै संकलन गरेको देखिदा कानूनबमोजिम इजाजतपत्र लिई तोकिएको म्यादभित्र संकलन गरेको देखिएको र घाटगद्दी गर्ने क्रममा देशभित्र नै एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा पक्राउ गरेको देखिँदा निजहरूले गैरकानूनी कार्य गरेको नदेखिने ।

- यस्तै प्रकृतिको २०६२ सालको स.फौ.पु.नं.३३५०, भ्रष्टचार, *नेपाल सरकार वि. पदमबहादुर बम* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ २४ गते रोज १ शुभम् ।

**१९.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०६४-CI-००३७, करार ऐनबमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ, *ललनप्रसाद साह वि. जिल्ला विकास समितिको कार्यालय पर्सा समेत*

करार ऐन, २०५६ को दफा ८७(२) अनुसारको आदेश जारी गर्नको लागि तोकिएका आधारहरू प्रस्तुत विवादमा विद्यमान भएको नदेखिएको तथा विपक्षीहरूको लिखित जवाफबाट पुनरावेदकले उल्लेख गरेको कुरा अर्थात निजलाई पदबाट राजीनामा दिनु भनी भनिएको नै छैन भन्ने देखिन आएकोले जि.वि.स. पर्साको विरुद्ध करार ऐन २०५६ को दफा ८७(२) बमोजिम निषेधाज्ञा जारी गरिरहनु पर्ने अवस्था नदेखिने ।

इजालस अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ १० रोज १ शुभम् ।

**२०.**

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको रिट नं. ००२३, उत्प्रेषण परमादेश, *रञ्जना दाहाल वि. कृषि विकास योजना कार्यालय नकटाझिज धनुषा समेत*

प्राकृतिक न्यायको सिद्धान्तबमोजिम आफ्नो भनाई राख्ने मौकासम्म प्रदान नगरी सचिवस्तरबाट गरेको निर्णयको आधारमा महालेखा परीक्षकले बेरुजू सरकारी बाँकी सरह असूलउपर गर्ने गरी चलाइएको कारवाही कानूनअनुरूप न्यायसम्मत नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

**१.**

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं. ९७६१, हक निखनाई पाऊँ, *गुमादेवी पाठक वि. पुरुषोत्तम भट्टराई*

जग्गाको साँध जोडिएको या पानी झर्ने निकास भएको भन्ने आधारले मात्र निखनाई पाउने हकको सिर्जना नभै वादीले निखनाई पाऊँ भनेको जग्गा निखनी लिन नपाएको अवस्थामा वादीलाई कुलो, पानी, बाटो, निकास, हावा, घाम इत्यादि कुराको उपयोगमा अवरोध पुगेको अवस्थामा मात्र निखनाई लिन पाउने ।

इजलास अधिकृत : भुवन सिँह थापा
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल वैशाख ७ गते रोज २ शुभम् ।

**२.**

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको दे.पु.नं. ९३२३, जग्गा खिचोला चलन, *विसुनदेवप्रसाद शाह वि. रामसोगारथ यादव*

वादी दावीबमोजिम सर्वे नक्साको स्वरुप र आकृतिसमेतको आधारमा प्रतिवादीले कि.नं. १५७ को सडकतर्फ २८ फीटमात्र भोग गर्न पाउनेमा ४० फीट भोग गरेको र सोही अनुपातमा वादीको सडकतर्फको निकास घट्न गएको स्पष्ट देखिँदा निकासका सम्बन्धमा दावी नपुग्ने भनी गरेको पुनरावेदन अदालत जनकपुरको निर्णय त्रुटिपूर्ण देखिँदा सो हदसम्म केहि उल्टी हुने ।

इजलास अधिकृत : भुवन सिँह थापा
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल वैशाख ७ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०२१९, लिखत बदर, *विसुनदेवप्रसाद शाह वि. रामसुनार यादव समेत* भएको मुद्दाको यसैअनुरूप निर्णय भएको छ ।

**इजलास नं. ८**

**१.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको दे.पु.नं. ८४३४, निर्णय बदर हक कायम दर्ता, *गुठी संस्थान केन्द्रीय कार्यालय वि. केशरी देवी मानन्धर*

सविकको लगतअन्तर्गत १ रोपनी जग्गा वादीको हक भोगमा रहेको र सोही लगतका आधार प्रमाणबाट वादीको नाममा कि.नं. २२७, २४३, २७४ का जग्गाहरू दर्ता भएको देखिन्छ । उक्त जग्गाकै आडमा रहेको कि.नं. २२५, २४४ र २५० का जग्गाहरू साविकदेखिँ नै वादीको हक भोगमा रहेको भन्ने सर्जमिनसमेत रहेको देखिँदा उक्त जग्गाहरू वायु देवता गुठीको हो भन्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार २९ रोज २ शुभम् ।

**२.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. ३२४१, उत्प्रेषण परमादेश, *रामबहादुर थापा वि. पदम श्रेष्ठ समेत*

मिति २०६१।१।२३ मा पारित लिखतका विषयमा जालसाजी मुद्दा परिरहेकोले सो मुद्दामा प्रचलित कानूनअनुसारको सामान्य प्रक्रियाअन्तर्गत टुंगो लाग्ने विषय भएकोले सोतर्फ रिट क्षेत्रबाट केही बोलिरहन नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार ३१ गते रोज ४ शुभम् ।

**३.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको रिट नं. ३४६९, उत्प्रेषण परमादेश, *सुनिता चौधरी वि. वीरनारायण चौधरी समेत*

अंश दिलाउनेतर्फको काम कारवाहीमा वादीले तारेख गुजारी तामेलीमा रहेपछि प्रतिवादीले दण्ड सजायको ४६(४) नं. बमोजिम अंश दिलाई फुर्सद गराई पाऊँ भनी निवेदन दिएपछि यी निवेदिकाले अंशतर्फको कारवाहीमा सरीक हुन इन्कार गरी मुद्दा अन्तिम भएपछि माना चामलको विगो भराउन दरखास्त गर्नेछु भनी अंश भराउनेतर्फको दरखास्त तामेलीमा राखी पाऊँ भनी निवेदन दिएको अवस्था देखिन्छ । माना चामल मुद्दाको फैसलाको रोहमा जसलाई अंश दिलाई दिन लागेको हो निजले नै अंश लिन इन्कार गरेको अवस्थामा प्रतिवादीको निवेदनबाट अंश दिलाई दिन नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार ३१ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६३ सालको रिट नं. ००२९, उत्प्रेषण, *वीरनारायण चौधरी वि. सुनिता चौधरी समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**४.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०५७ सालको दे.पु.नं.७४८०, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. कमला रोलिङ्ग मिल्स प्रा.लि. समेत*

स्थानीय निकायहरूले आफूले निर्णय गरेका वा आफूलाई हस्तान्तरण भई आएका सडकको मर्मत, संभार, सञ्चालन गर्ने जिम्मेवारी उनीहरूको हुने र त्यस किसिमका सडकहरूमा राज्यको भूमिका नरहने हुनाले त्यस किसिमका सडकमा सोही सडक मर्मत संभारमा खर्च गर्न पाउने गरी स्थानीय निकायलाई कर उठाउने अधिकार प्रदान गरिएको हो । पुनरावेदक विपक्षीले आफूले निर्माण गरेको सडकमा नभै कोशी राजमार्गमा कर लगाएको देखिँदा यसरी लगाएको करलाई कानूनसम्मत रुपमा लगाएको मान्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०५७ सालको दे.पु.नं. ७४८१, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. अन्नपूर्ण सोप एण्ड केमिकल्स प्रा.लि.*
- २०५७ सालको दे.पु.नं. ७४८२, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. नारायण भेजिटेवल आयल इण्डस्ट्रिज*
- २०५८ सालको दे.पु.नं. ७८०७, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. संयम भेजिटेबल आयल इण्डष्ट्रिज प्रा.लि. टंकीसीनवारी*
- २०५८ सालको दे.पु.नं. ७८०९, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. पायनियर इलेक्ट्रो केवल्स प्रा.लि . समेत*
- २०५८ सालको दे.पु.नं. ७८०८, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. पशुपति खाद्य तेल उद्योग प्रा.लि. समेत*
- २०५८ सालको दे.पु.नं. ७०५६, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. पायरनियर वाग्मती माल्डिङ इण्डस्ट्रिज प्रा.लि.*
- २०६० सालको दे.पु.नं. ९०७७, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. प्रिमा ग्यास उद्योग प्रा.लि.*
- २०६० सालको दे.पु.नं. ९१०३, निषेधाज्ञायुक्त परमादेश, *पहडगछ टंकी सिनवारी कर चौकी समेत वि. कोशी ग्यास उद्योग प्रा.लि.*
- २०६२ सालको रिट नं. २७३३, उत्प्रेषणयुक्त परमादेश, *पशुपति खाद्य तेल उद्योग प्रा.लि. वि. टंकी सिनवारी गाउँ विकास समिती मोरङ समेत*
- २०६२ सालको रिट नं. ३०९३, उत्प्रेषणयुक्त परमादेश, *स्वस्तिक आयल इण्डष्ट्रिज प्रा.ली.समेत वि. टंकी सिनवारी गाउँ विकास समिति मोरङ समेत*

**५.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको स.फौ.पु.नं.३८३०, आगलागी, *नेपाल सरकार वि. विनोदकुमार ठाकुर समेत*

स्थानीय निर्वाचनको सिलसिलामा भएको घटनाको सम्बन्धमा परेको मुद्दामा जाहेरी दिने व्यक्तिहरू मध्ये केही अदालतमा उपस्थित नै नभएको, उपस्थित भएका मध्ये एक जनाले घटना घटाउने कार्यमा प्रतिवादीहरूको संलग्नता नभएको भनी बकपत्र गरेको अवस्थामा प्रतिवादीहरूलाई आगो लगाएको भन्ने मुद्दामा कसूरदार ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

**६.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको स.फौ.पु.नं. ३१७५, खोटा चलन, *जयरुद्र झा वि. नेपाल सरकार*

अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा नोटहरू जयरुद्र झाबाट लिएको भनेतापनि निजको सो बयान मिसिल संलग्न अन्य प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादी जयरुद्र झाबाट कुनै दशी बरामद भएको अवस्था छैन भने बुझिएका रघुवीर महासेठले समेत प्रस्तुत वारदातमा यी पुनरावेदक/प्रतिवादीको संलग्नता थियो भनी भन्न सकेको अवस्था नहुँदा अन्य कुनै पनि प्रमाणबाट पुष्टि हुन नसकेको सहअभियुक्तको पोलको आधारमा मात्र कसैलाई फौजदारी कसूरमा सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CR-०१०९, जालसाजी, *ईश्वरीप्रसाद भुसाल समेत वि. दुर्गा भुसाल समेत*

जालसाजीपूर्ण तवरबाट लिखत तयार भएको हो भन्ने जानी-जानी साक्षी बसेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट प्रमाणित हुन नसकेको र निजहरूले उक्त व्यवहारबाट प्रत्यक्ष लाभ हासिल गरेको अवस्था समेत नहुँदा निजहरूलाई साक्षी बसेकै कारणबाट मात्र जालसाजी कार्यमा सहभागी रहेको ठहराई सजाय गर्नु न्यायोचित देखिन नआउने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १४ रोज १ शुभम् ।

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं.CI-००२७, ०६५-CI-०३४, राजीनामा लिखत बदर दर्ता बदर, *विष्णुहरि भुसाल वि. दुर्गा भुसाल समेत, ईश्वरीप्रसाद भुसाल वि. दुर्गा भुसाल समेत*

दावीको जग्गामा प्रत्यर्थी वादीहरूको अंश हक समेत सन्निहित रहेको देखिएको र ईश्वरीप्रसादले सो जग्गा सगोल अवस्थामा आफ्नो नाउँमा नाप जाँच गराई पछि गुठी रैतान नम्बरीमा परिणत गरी जग्गा धनी प्रमाण पूर्जा प्राप्त गरेसम्मकै आधारमा प्रत्यर्थी वादीहरूको हक टुट्न सक्ने अवस्था देखिन आउँदैन । साथै प्रमाण ऐन, २०३१ दफा ६(क) ले कुनै एक अंशियारले आफ्नो नाउँमा दर्ता गराउँदैमा त्यस्तो सम्पत्तिबाट अरु अंशियारको हक बञ्चित नहुने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १४ रोज १ शुभम् ।

९.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं. ३०६६, उत्प्रेषणयुक्त परमादेश, *टीकाप्रसाद उप्रेती वि. बिराटनगर उपमहानगरपालिका प्रमुख समेत*

आफूले पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरीकनै अदालतमा प्रवेश गरेको देखिँदा निवेदक सफा हात लिई अदालत प्रवेश गरेको पनि देखिँदैन । आफूले गर्नुपर्ने कर्तव्य पूरा नगर्ने उद्देश्यले सफा हात नलिई अदालत प्रवेश गर्ने व्यक्तिलाई अदालतले सहयोग गर्न नसक्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार २८ रोज १ शुभम् ।

१०.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. ५५८, अंश दपोट, *भोला ठाकुर बढई समेत वि. कैलाशपति देवी बढई*

आफ्नो नाममा नै नरहेको जग्गा तायदातीमा उल्लेख नगर्दैमा दपोट गरेको मान्न नमिल्ने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ २७ रोज ४ शुभम् ।

११.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको साधक नं. ०९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरेन्द्र वादी*

प्रतिवादीको श्रीमती र प्रतिवादीबीच समय-समयमा झगडा हुने गरेको र निज प्रतिवादीकी श्रीमती घटना हुनुभन्दा अगाडि पनि एक पटक अर्कोसँग गइसकेको अवस्था भएको र निजहरू बीच पारिवारिक जीवन राम्रो हुन नसकी पुनः निज प्रतिवादीको घरमा जान अस्वीकार गरेकै कारण बन्चरो जस्तो धारिलो हतियारले टाउको एवं

घाँटी जस्तो संवेदनशील अङ्गमा प्रहार गर्नुपर्ने अवस्था नदेखिएको र एकपटक प्रहार गरेपछि पुन छटपटाई रहेको पीडितलाई सोही साँघातिक हतियारले अर्को पटक समेत प्रहार गरेको अवस्था हुँदा निज प्रतिवादीले मृतक रिता वादीलाई मनसायपूर्वक नै मारेको तथ्य प्रमाणित हुन आउने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

**१२.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ६७०, सवारी ज्यान, *गोविन्द नारायण खत्री वि. नेपाल सरकार*

दुर्घटना भएको म १ख २४५ नं. बस नै भएको र सोको व्यवस्थापक महाकाली सेती बस तथा मिनी बस व्यवसायी समिति भएकोले क्षतिपूर्ति रकम दिनुपर्ने दायित्व उक्त समितिको नै देखिने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

**१३.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको स.फौ.पु.नं. CR-००७०, सवारी ज्यान, *वीरेन्द्र भुप शाह वि. नेपाल सरकार*

मृतकको हकवालालाई क्रियाखर्च पाउने सम्बन्धमा केही नबोली र घाइतेमध्ये परदेशु चौधरीबाहेकका घाइतेहरूलाई मात्र औषधि उपचार खर्च भराई दिई घाइते परदेशु चौधरीको उपचार खर्चका बारेमा केही नबोली भएको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भै सातै जना मृतकका हकवालालाई किरियाखर्च बापत जनही रु १० हजार र घाइतेलाई उपचार खर्चबापत रु.२ हजार प्रतिवादीबाट भराई दिनुपर्ने ।

इजलास अधिकृत : भुवनसिँह थापा

इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

**१४.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको रिट नं. ३०३२, उत्प्रेषण, *पूर्णप्रसाद मिश्र वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर समेत*

शिक्षक कर्मचारीलाई हुने सजाय सम्बन्धमा माथिल्लो तहमा पुनरावेदन गर्नसक्ने भनी परिच्छेद् १० नियम १०(ख) मा व्यवस्था गरेको हुँदा हुँदै पनि सोअनुरूप उपचारको मार्ग अवलम्वन नगरी यी निवेदक रिट क्षेत्रमा प्रवेश गरेको र यस्तो विषयलाई लिएर तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत यस अदालतमा रिट निवेदन दिने अवस्था नदेखिँदा उपरोक्त आधार समेतबाट उक्त संविधानको सो व्यवस्था आकर्षित हुने अवस्था नहुँदा रिट निवेदकले माग गरेको विषयमा रिट क्षेत्रबाट निरोपण गर्न नमिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल वैशाख ८ रोज ३ शुभम् ।

## इजलास नं. ९

**१.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको रिट नं. २८२४, उत्प्रेषण परमादेश, *मोहमद यूनूस कवडिया वि. राकेशकुमार समेत*

वीमाको रकम भराई पाउने गरी शुरु बाँके जिल्ला अदालतले फैसला गरेकोमा सो फैसला केही उल्टी गरी सवारी धनी निवेदक युनुस कवडियाबाट मृतकहरूका हकमा प्रतिव्यक्ति रु ५०,०००।- का दरले वीमा क्षति भराइ दिने ठहर गर्दा प्रमुख जिल्ला अधिकारीसमक्ष भएको कागज प्राकृतिक न्याय सिद्धान्त विपरीत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार २४ रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८४२५, हक कायम दर्ता, *मोतीलाल धानुक वि. सत्यनारायण महतो धानुक समेत*

२०१५ सालमै छुट्टी भिन्न भई आफ्नो-आफ्नो खती उपती बिक्री व्यवहार गरी बसेको भन्ने आफ्नै प्रतिउत्तर लेखबाट समेत वादीको २०१६।१०।१६ को बकसपत्रपाई हक भएको दावीको कि.नं. २१ को जग्गामा प्रतिवादीहरूको समेत हक छ भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल वैशाख २२ रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-००३६, उत्प्रेषणयुक्त परमादेश, *राजकुमार विमली वि. दीपज्योती एजुकेशन फाउण्डेसन प्रा.लि. झापा समेत*

प्रस्तुत रिट निवेदनको विषयमा वैकल्पिक उपचारको व्यवस्था रहे भएको कुरालाई स्वीकार गरी मातहत अदालतमा कम्पनी ऐन, २०६३ अन्तर्गत छुट्टै मुद्दा दायर गरिसकेको अवस्था देखिएको र प्रत्यक्षतः यस अदालतको मातहतमा रहेको अदालतमा विचाराधीन मुद्दासँग सम्बन्धित विषयवस्तुमा रिट जारी हुने अवस्था नहुने ।

इजलास अधिकृत : हरिराज कार्की
इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

## इजलास नं. १०

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ८४६२, कुत दिलाई मोही निष्काशन, *डोमाई चौधरी वि. बसन्ती थरुनी*

२०५५ सालको कुत बुझाएको तथ्ययुक्त प्रमाणको अभावमा केवल प्रतिवादीको मौखिक भनाईको आधारमा निजले कुत बाली बुझाएको होला भनी अनुमान गर्न नमिल्ने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल जेठ ७ गरोज ५ शुभम् ।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८४११, मोही दर्ता नामसारी, *तुल्सीराम दाहाल वि. हेमबहादुर विश्वकर्मा*

प्रत्यर्थी वादीका बाबु चमारे कामी कानूनबमोजिमको मोही कायम रही रहेको विषयमा विवाद नभएपछि निजको मृत्युपश्चात् पनि जोताहा अस्थायी निस्सा प्राप्त मोही चमारे कामीको क्षेत्रीय किताबको किसानको व्यहोरामा नाऊँ उल्लेख भई रहेको कुरालाई अन्यथा अर्थ गरी पछि तयार भएको फिल्डबुकमा मोहीको सही नभएको जग्गाधनी प्रमाण पुर्जामा मोही नजनिएको तथा मोहीको मृत्युपश्चात् जग्गावालाले यी वादीका छोरालाई मोही नपत्याएको कारणले मात्र मोही नामसारी हुन नसक्ने भन्न नमिल्ने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल जेठ ८ रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको दे.पु.नं. ८४१०, मोही दर्ता नामसारी, *खोटप्रसाद दाहाल वि. हेमबहादुर विश्वकर्मा* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ०३३८, कुत दिलाई मोही निष्काशन, *पार्वतीदेवी चौधरी वि. डोमाई चौधरी*

भूमि सम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनले साविकदेखि कुनै जग्गावालाको जग्गा कमाई आएका मोही र जग्गाधनीबीच जग्गाको स्वामित्व नै आधा-आधा बाँडफाँड गरिने गरी दफा २६(ख) थप गर्नुका साथै अब कसैले कुनै पनि जग्गावालाको जग्गा कुनै शर्तमा पनि मोहियानी हक प्राप्त हुन नसक्ने भनी ऐनको दफा २५(२) थप गरी भइरहेको अवस्थामा नयाँ मोहियानी हक सिर्जना नहुने तर पहिले प्राप्त भएको मोहियानी हक भने यथावत् रहने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल जेठ ७ रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको दे.पु.नं. ०३३७, कुत दिलाई मोही निष्काशन, *कमलकुमारी चौधरी वि. डोमाई चौधरी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

.४.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ००३५, जालसाजी, *ब्रह्मदेव ठाकुर लोहार वि. खहेरु राय यादव*

मुलुकी ऐन कीर्ते कागजको तत्कालीन १८ नं. को मिति २०५९।५।२७ पूर्वको व्यवहारलाई काम भए गरेको मितिबाट २ वर्षकै हदम्याद आकर्षित हुन आउँछ । तसर्थ सर्वोच्च अदालतबाट प्रतिदित सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दाको फिराद हदम्यादभित्र पर्न आएको नदेखिने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल जेठ ५ रोज ३ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ००४०, मिलापत्र बदर, *ब्रह्मदेव ठाकुर लोहार वि. खहेरु राय यादव* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको फौ.पु.नं. ०२४४, जंगल फडानी गरी जग्गा आवाद गरेको, *विष्णुकुमारी राई वि. नेपाल सरकार*

वनसम्बन्धी मुद्दामा वन ऐनमा भएको व्यवस्थाबमोजिम सोही ऐनबमोजिम मुद्दा दायर गर्नुपर्ने र यस्तो मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन आकर्षित हुने देखिदैन, केवल सरकार वादी भै दायर हुने सम्म देखिने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
इति संवत् २०६६ साल जेठ २६ रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको स.फौ.पु.नं. ३१७९, कर्तव्य ज्यान, डाँका, *नेपाल सरकार वि. धनबहादुर घर्ती*

जाहेरी दरखास्त दिने जाहेरवाला किउला रोकाले अदालतसमक्ष वकपत्र गर्दा स्पष्ट रुपमा सामानहरू केही लगेका होइनन् भनी लेखाएको देखिन्छ । यसरी जुन आधारमा अभियोग लगाइएको हो, सो आधारलाई जाहेरवाला स्वयंले नै खण्डित गरेको अवस्थामा त्यसलाई प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६६ साल असोज २५ रोज १ शुभम् ।

७.

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको स.फौ.पु.नं. ३५६३, चोरी, *हेमनारायण चौधरी वि. नेपाल सरकार*

गेट पास भएर बाहिर गैसकेपछिको अवस्था र इण्डष्ट्रिजले जवाफ दिन इन्कार गरेको अवस्थाबाट पनि स्टोर सुपरभाइजरलाई मात्र जिम्मेवार ठहऱ्याउन मिल्ने देखिँदैन । जिम्मेवारीको दृष्टिकोणबाट हेर्दा पनि निज जिम्मा रहेको सामान नास भएमा, हराएमा वा निज स्वयंले अरु ठाउँमा

पठाएमा सोको हर्जाना वा बिगो तिर्नु बुझाउनु पर्ने दायित्व निज हेमनारायणमा नै रहने र त्यसको हिसाव किताव बुझाउने वखत कमी भएको सामानबापतको दायित्व प्रचलित कानूनबमोजिम इण्डष्ट्रिजले निश्चित गरेको प्रक्रियाबमोजिम भराउन सक्ने नै हुँदा प्रस्तुत वारदातलाई चोरीको परिभाषाभित्र पर्ने मानी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६६ साल असोज २५ रोज १ शुभम् ।

८.

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४८१, बहाल दिलाई घर खाली गराई पाऊँ, *शंकर दयाल बैश्य समेत वि. शान्तिदेवि कसौधन बनिया*

मुलुकी ऐन, अ.वं. १९२ नं. मा बाहेक गैह्र मुद्दा फैसला गर्दा एउटै मिसिलबाट गर्नुपर्ने काममध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने व्यहोरासँग फैसला गर्न हुँदैन भन्ने समेत कानूनी प्रावधान रहेको देखिन्छ । भै रहेको सो कानूनी व्यवस्थाअनुरूप मुद्दामा निर्णय दिनुपर्ने देखिन आएका सबै विवादित विषयहरूमा एकै पटक निर्णय बोल्नु पर्नेमा घरभाडाका सम्बन्धमा मात्र बोली विवादित घरको हक स्वामित्वका सम्बन्धमा निर्णय नबोली शुरुले गरेको फैसला त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : नारायण सुवेदी
कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५९ सालको दे.पु.नं. ८७२९, ८७३०, अंश, *असिया देवी साह समेत वि. सम्पतलाल साह, सम्पतलाल साह वि. अधिकलाल साह समेत*

०३४ सालपछि अंशियारहरू बीच हक हस्तान्तरण भए गरेको कुरा प्रतिवादीहरूले आफ्नो प्रतिउत्तरमा स्वीकारेको देखिन्छ भने प्रतिवादीहरूले अंशबण्डा भइसकेको कुनै लिखत वा वादीले अंश पाएको प्रमाण समेत पेश गर्न सकेको देखिएन । साथै वादी प्रतिवादीहरू बीच मानु छुट्टिएको लिखत समेत पेश हुन सकेको नदेखिँदा ०३४ साल पछि अंशियारहरू बीच भएको हक हस्तान्तरणको क्रियालाई अंशबण्डा भएको प्रमाण मान्नलाई मुलुकी ऐन अंशबण्डाको ३० नं. मा २०३४ सालमा भएको संशोधनपश्चात् अंशवण्डाको लिखत पास हुनुपर्नेमा सो भएको नदेखिँदा सो अवधिसम्म वादी प्रतिवादीहरू बीच बण्डा भैसकेको भनी मान्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल भदौ ३ रोज ४ शुभम् ।

## एकल इजलास

१.

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको ०६६-WO-००१७, उत्प्रेषणयुक्त परमादेश, *पूर्णप्रसाद शर्मा वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय समेत*

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ विपरीत कसूर गरेको जानकारी प्राप्त हुन आएको अवस्थामा निजहरू विरुद्ध कारवाही चलाउने बारेमा नेपाल सरकार वा यसका अन्य सम्बन्धित निकायमा लेखिपठाउने बारेमा आवश्यक निर्णय तथा कारवाई गर्ने गराउने बारेमा उक्त ऐनको दफा ९८ ले नेपाल राष्ट्र बैंकले वाध्यात्मक रुपमा पालना गर्नुपर्ने कानूनी दायित्व निर्धारण गरेको अवस्थामा नेपाल राष्ट्र बैंकले उक्त ऐन कानूनले निर्दिष्ट गरेको कानूनी दायित्व पालना गर्ने वा कानूनले निर्धारण गरेको परिधिभित्र रही आफूलाई प्राप्त जानकारीको आधारमा निवेदकलाई

आवश्यक कारवाहीको लागि नेपाल सरकार तथा यसका अन्य सम्बन्धित निकायमा लेखी पठाएकै आधारमा निवेदकको संविधान प्रदत्त मौलिक हकको हनन् हुन सक्ने अवस्था नदेखिने ।

नेपाल राष्ट्र बैंक जस्तो नियमनकारी निकायले गरेको काम-कारवाहीमा प्रत्यक्ष गम्भीर कानूनी त्रुटि नदेखिएसम्म अदालतले हस्तक्षेप गर्न नहुने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल साउन ८ गते रोज ५ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६६ सालको ०६६-WO-००१८, उत्प्रेषणयुक्त परमादेश, *अमर गुरुङ्ग वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय बालुवाटार समेत*
- २०६६ सालको ०६६-WO-००१९, उत्प्रेषणयुक्त परमादेश, *उत्तमबहादुर पुन वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय बालुवाटार समेत*

१. यस बुलेटिनमा केबल ती निर्णय समावेश हुँदैनन्, जो सम्पादन समितिलाई सम्बन्धित इजलास अधिकृतबाट तोकिएको १५ दिनको अवधिभित्र प्राप्त भएका हुँदैनन् ।

२. नेपाल कानून पत्रिकामा प्रकाशित भएबाहेक अन्य महत्वपूर्ण निर्णयहरू प्रकाशनका लागि छुटेका भए त्यसरी छुटेका निर्णयको प्रतिलिपि सम्पादन शाखामा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ । यसरी प्राप्त भएका निर्णयहरू पहिले प्रकाशन नभएका भए र प्रकाशनयोग्य ठहरिए क्रमशः प्रकाशन गर्दै जाने व्यहोरा समेत अनुरोध गर्दछौँ ।

३. सर्वोच्च अदालतका प्रकाशनयोग्य सूचना तथा जानकारी हामीलाई प्रकाशनार्थ उपलब्ध गराई दिनु हुन सम्बन्धित महाशाखा तथा समितिका सचिवहरूसँग अनुरोध गर्दछौँ ।